प्रतिदिन १७औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY




विज्ञापनको लागि सम्पर्कः
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१७ ।। अङ्क : ११० ।। २०८२ जेठ १५ गते बिहिबार (29th May 2025 Thursday) | Pratidin National Daily | मूल्य-रु.५/-

# गृहमन्त्री लेखकलाई जोगाउँदै कांग्रेस-एमाले



झापा(प्रस) । नेपाली कांग्रेस र नेकपा एमाले भिजिट भिसा दुरुपयोगमा गृहमन्त्री रमेश लेखकविरुद्ध तथ्य र प्रमाण केही नभएको निष्कर्षमा पुगेका छन् ।

गृहमन्त्रीविरुद्ध उजुरी, प्रमाण र संलग्नता खुल्ने केही पनि विषय नआएको भन्दै दुवै दलले बुधबार बालुवाटार बैठकमा यस्तो निष्कर्ष निकालेका हुन् । बैठकमा मानव तस्करीको अभियोग लाग्ने स्थिति बरु उपसभामुख इन्दिरा रानाविरुद्ध रहेकोबारे बैठकमा कुराकानी भएको बालुवटार स्रोतको भनाइ छ । 'भिजिट भिसा दुरुपयोग प्रकरणमा गृहमन्त्रीविरुद्ध होइन, मन्त्रालयका कर्मचारीमाथि प्रश्न उठेकाले अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छानबिन गरिरहेको हो । तर, तथ्य र प्रमाणविना गृहमन्त्रीले राजीनामा दिनुहुन्न,' प्रधानमन्त्री केपी शर्मा ओलीनिकट स्रोतले भन्यो, 'उपसभामुखमाथि गम्भीर प्रश्न उठ्दा राजीनामा दिइनन् । उनीमाथि सरकारी लेटरहेड दुरुपयोग गरी मानिसहरूलाई अमेरिका पठाउन खोजेको प्रमाण नै छ । त्यति गम्भीर विवादमा उनले अझैसम्म राजीनामा दिएकी छैनन् । मानव तस्करी नै हो भने त उपसभामुखमाथि झन् धेरै प्रश्न उठ्नुपर्ने होला नि !'

भिजिट भिसाको दुरुपयोग प्रकरणमा गृहमन्त्रीमाथि मानव तस्करीको आरोप लगाउने काम भएपछि कांग्रेस- एमालेभित्रै यस्तो विषय उठेको हो ।

पार्टी र संसद् सचिवालयसँग सम्बन्धित नै नरहेका केही युवालाई भिसाका लागि अन्तर्वार्ता मिलाइदिन भन्दै उपसभामुख रानाले गत साउनमा अमेरिकी दूतावासलाई पत्र लेखेकी थिइन् । यसपछि राजीनामा दिन दबाब परे पनि रानाले अहिलेसम्म राजीनामा दिएकी छैनन् ।

गृहमन्त्रीलाई अनावश्यक रूपमा तानेपछि गम्भीर प्रश्न उठेकी उपसभामुखमाथि दबाब बढाउनैपर्ने मत कांग्रेस र एमालेभित्रै छ । कांग्रेस सांसद रामहरि खतिवडा गृहमन्त्री संलग्न नरहेको र प्रमाण नै नपुग्ने विषयमा अनावश्यक विवाद झिक्ने नियत ठीक नभएको बताउँछन् । तर, आफैंले सही गरेर नागरिकलाई अमेरिका पठाउन उपसभामुखले गरेको हस्ताक्षरबारे अब गम्भीर बहस हुने उनी बताउँछन् ।

'भिजिट भिसा दुरुपयोग प्रकरणमा गृहमन्त्रीको कुनै ठाउँमा संलग्नता छैन । उहाँ आफैंले मेराविरुद्ध तथ्य र प्रमाण भए ल्याऊ, म फेस गर्न तयार छु भनिसक्नुभयो । प्रमाण भएपछि हामी कारबाहीको पक्षमा उभिन्छौं,' खतिवडाले भने, 'तर, उपसभामुखले आफैंले सही गरेर मान्छे अमेरिका पठाउन खोजेको तथ्य सबैको सामु छ । यसमा माओवादी र रास्वपासहितका दल किन तैं चुप मैं चुप छन् ? हामी यो विषय पनि उठाउँछौं ।'

रास्वपाकी एक नेताले गृहमन्त्रीलाई ७७ जिल्ला घुमाउनुपर्छ भनेको भन्दै खतिवडाले प्रमाण नपुगेका विषयमा नबोल्न चेतावनी दिए ।

एमालेका मुख्य सचेत महेश बर्तौलाले पनि गृहमन्त्रीलाई बोल्नै नदिने विपक्षीका नियत अनुचित भएको बताएका छन् । 'भिजिट भिसा दुरुपयोगको विषयमा गृहमन्त्री बोल्न तयार भए पनि संसद्मा बोल्न पाउनुभएन । भोलि संवैधानिक हिसाबले बजेट प्रस्तुत गर्ने दिन हो । यस्ता बाध्यकारी विषयमा उहाँहरू गम्भीर नबन्नु दुःखद् हो,' बर्तौलाले भने, 'गृहमन्त्रीको कुरामा चित्त नबुझ्दा विपक्षीलाई पनि आफ्ना विषय राख्ने छुट छ । तर, उहाँहरूले असंसदीय व्यवहार देखाउनुभयो ।'

कांग्रेस उपसभापति पूर्णबहादुर खड्काले पनि विना तथ्य र प्रमाण गृहमन्त्रीको राजीनामा माग्नु उपयुक्त नभएको बताए । 'अरु नेतासँग जोडेर गृहमन्त्रीको पनि राजीनामा आउनुपर्छ भन्नु उपयुक्त माग नै होइन,' खड्काले लोकान्तरसँग भने, 'छानबिन गर्ने निकायले उजुरी, तथ्य, प्रमाण, अभियोजनका प्रक्रिया अगाडि बढाउने हो हचुवामा कसैले राजीनामा दिइहाल्नुपर्छ भनेर माग गर्नु अनुचित छ ।'

गृहमन्त्रीले भिजिट भिसा दुरुपयोग प्रकरणमा संसद्बाट बोल्न नपाएको विषयमा समेत कांग्रेस-एमालेले आपत्ति जनाएका छन् । 'यसअघि कुनै विषयमा नेताले बोल्नुपर्‍यो भनेर संसद्मा माग हुन्थ्यो । तर, प्रश्न उठेपछि गृहमन्त्रीले प्रस्ट पार्छु भन्दा विपक्षीको अवरोधले संसद्मा बोल्न पाउनुभएन,' एमाले स्रोतले भन्यो, 'अगाडि नै समय लिएर गृहमन्त्रीले बोल्न नपाएपछि उहाँले पत्रकार सम्मेलन गरेर यो विषयमा प्रस्ट पार्नुपर्ने स्थितिले विपक्षीको अनुचित रवैयालाई पुष्टि गर्छ ।'

बुधबार बिहान प्रधानमन्त्री केपी शर्मा ओलीले कांग्रेस सभापति शेरबहादुर देउवा, उपसभापति पूर्णबहादुर खड्का, गृहमन्त्री लेखकसहितका नेतासँग छलफल गरेका थिए । बैठकले विपक्षीले भिजिट भिसा दुरुपयोगको विषयमा राजनीतिकरण गर्न खोजेको भन्दै राजीनामा दिनु नपर्ने निष्कर्ष निकालेको थियो ।

उजुरी, छानबिन र अभियोजन गर्ने अख्तियारले कुनै प्रक्रिया नै अगाडि नबढाएकोलेराजीनामा दिन नपर्ने निष्कर्ष उनीहरूले निकालेका हुन् ।

विपक्षीले सहकारी ठगी प्रकरणको तत्कालीन गृहमन्त्री रवि लामिछानेको नजीर उठाउँदै आएका छन् । तर, सत्तारुढ दल रविविरुद्ध उजुरी परेको, उनी संलग्न रहेको प्रस्ट आधार र प्रमाण रहेकोले छानबिनको दायरामा परेको बताउँछन् ।

'रविमाथि त पर्याप्त प्रमाण भएकोले छानबिनको दायरामा आएका हुन् । उनी प्रत्यक्ष जोडिएको विषय भएकोले मुद्दा पनि अगाडि बढ्यो । जिल्ला अदालतपिच्छे अगाडि बढेका मुद्दा र सर्वोच्च अदालतको पछिल्लो आदेशले रविको मुद्दाको गहिराइ दर्शाउँछ,' एमाले स्रोत भन्छ, 'तथ्य प्रमाणविना कर्मचारी जोडिएको विषयमा मन्त्रीले राजीनामा दिँदै जाने हो भने कुनै पनि मन्त्रालय चल्नै सक्दैन ।'

बजेट ल्याउने अघिल्लो दिनसम्म विपक्षीले अवरोध कायमै राख्ने नीति लिएका थिए । यसैले प्रधानमन्त्री ओलीले संसद् बैठकअघि माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'लाई फोन गर्दै सदनको अवरोध हटाइदिन आग्रह गरेका थिए । ओलीले देउवाकै अघि प्रचण्डलाई फोन गरेर अवरोध हटाएर गृहमन्त्रीलाई बोल्ने र बिहीबार बजेट ल्याउने वातावरण बनाइदिने आग्रह गरेका थिए । तर, विपक्षीले गृहमन्त्रीलाई बोल्न दिएनन् ।

बुधबारकै बालुवाटार बैठकले बजेट अधिवेशन विशेष अवस्था रहेको भन्दै संसद्मा अवरोध खोल्ने वातावरण बनाउन विपक्षी दलहरूलाई आह्वान गरेको छ ।

प्रतिनिधिसभाको बैठकमा दुई दिन बोल्न नपाएपछि गृहमन्त्री लेखकले बाध्य भएर बुधबार साँझ पत्रकार सम्मेलन गरे । लेखकले पत्रकार सम्मेलनमार्फत् राजनीतिक पूर्वाग्रह राखेर षडयन्त्रपूर्वक आफूलाई यो प्रकरणमा जोडेको दाबी गरे ।

'भिजिट भिसा दुरुपयोगका विषयमा मन्त्रीको संलग्नता छ भन्ने ढंगले प्रचार प्रसार, समाचार, सामाजिक सञ्जालमा टिप्पणी आएका छन्,' उनले भने, 'यी असत्य छन्, बेठीक छन् । यी विषयमा मेरो कुनै संलग्नता छैन । मेरा विरुद्धमा नियोजित, षडयन्त्रमूलक ढंगले राजनीतिक पूर्वाग्रह देखाइयो ।'

लेखकले आफ्नोविरुद्ध कुनै उजुरी र छानबिन नभएको भन्दै राजीनामा कुरा नै नआउने बताएका छन् ।

'मेराविरुद्ध कुनै उजुरी छैन, छानबिन भएको छ ? मैले न्याय पाउन पर्ला नि ? कर्मचारीमाथि भइरहेको अनुसन्धानलाई लिएर राजनीतिक नेतृत्वसँग जोड्दै जाने हो भने कसरी चल्छ ? यसअघि गम्भीर विषय उठ्दा मन्त्रीले राजीनामा नदिएको स्थिति छ,' लेखकले भने, 'निहीत स्वार्थबस उठाइएकाले नियोजित र षड्यन्त्रमूलक कदम हो । मेरो कुनै संलग्नता छैन । संलग्न हुने कारण छैन । अख्तियारले अनुसन्धान गरेको छ । के-के कुराले अनुसन्धानमा सहयोग पुग्छ म तयार छु । पहिले नै तँ दोषी भनेर दोषारोपण गर्दै गए राम्रो हुँदैन ।'

गृहमन्त्री लेखकले जेठ ८ गते अध्यागमन कार्यालयका सहसचिव तीर्थराज भट्टराईलाई सोधपुछका अख्तियारले बोलाएको, मोबाइल र डिभाइस जफत गरी छानबिनको प्रक्रिया अगाडि बढाएको पनि बताए ।

साथै, भट्टराईलाई गृह मन्त्रालय अन्तर्गत प्रजिअ बनाउने, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको महानिर्देशक बनाउने, गृह मन्त्रालयमा ल्याउनेमा पूर्वगृहमन्त्रीहरू रामबहादुर थापा 'बादल', बालकृष्ण खाँण, नारायणकाजी श्रेष्ठ र रवि लामिछाने रहेको समेत बताए ।

## 'भिजिट भिसामा...' गीत प्रदेशसभामै घन्किएपछि विवाद

झापा(प्रस) । कोशी प्रदेशसभाको आजको बैठकमा 'भिजिट भिसामा हजुर भिजिट भिसामा, भुईं छोड्ने उड्ने हजुर पश्चिम दिशामा' भन्ने गीत घन्किएपछि विवाद चर्किएको छ।

कोशी प्रदेशसभाको बुधबारको बैठकमा भिजिट भिसाको विषयलाई लिएर गृहमन्त्री रमेश लेखकसँग मिल्दोजुल्दो गीत गुन्जिएसँगै चर्काचर्की भएको हो।

नेकपा माओवादी केन्द्रका सांसद गोम्बु शेर्पाले बैठकमा यो गीत गाउन शुरु गरेका थिए। उनले शून्य समयमा बोल्दै नेपाल सरकारको चालामाला हेर्दा एउटा गीतको याद आउँछ भन्दै गीत गाए, 'भिजिट भिसामा हजुर भिजिट भिसामा, भुइँ छोड्ने उड्ने हजुर पश्चिम दिशामा।'

उनले बोल्दै गृहमन्त्री लेखकको सचिवालयमा रहेका कर्मचारी र निजी सचिवालयमा कार्यरत व्यक्तिहरूको भिजिट भिसा प्रकरणमा संलग्नता रहेको दाबी गरे।

गृहमन्त्रीका निकट सहयोगी तीर्थराज भट्टराईमाथि वैदेशिक रोजगारीको नाममा युवाहरूलाई ठगी गरेर पठाएको, भ्रष्टाचारमा संलग्न रहेको र अध्यागमन कार्यालयमा प्रभाव जमाउन खोजिएको उनको आरोप छ।

नेपाली कांग्रेसका सांसद प्रदीप सुनुवारले भने गृहमन्त्रीको विषयलाई अतिरञ्जित गरेर संसद्को मर्यादाविपरीत विरोध गरेएको भन्दै प्रतिवादमा उत्रिए। पत्रिकाले लेखेपछि मात्र कुनै पनि व्यक्ति दोषी सावित नहुने बताउँदै उनले अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान अघि बढाइसकेको बताए। उनले भने,'संसद्लाई स्टन्टबाजी गर्ने थलो बनाउन हुँदैन।'

उनले सत्ता हुँदा ठीक, नहुँदा बेठीक भन्ने प्रवृत्तिले लोकतान्त्रिक व्यवस्थामै वितृष्णा उत्पन्न गर्ने बताए। उनले भने, 'सम्बन्धित निकाय अनुसन्धानमा लागिरहेको छ, मिडियाबाजी गरेर नकारात्मक प्रभाव पार्न हुँदैन।'

## यसै साता मनसुन भित्रिने

झापा(प्रस) । भारतको दक्षिणी केरला, गोवा, कर्नाटका, महाराष्ट्र राज्यहरुमा जनजीवन नै प्रभावित हुने गरी अत्याधिक वर्षा सुरु भइसकेको छ । जल तथा मौसम विज्ञान विभागको मौसम पूर्वानुमान महाशाखाका मौसमविद् डेबिड ढकालले पूर्वतयारीमा रहन आग्रह गरेका छन् ।

उनले भने, 'नेपालमा पनि मनसुनी अवधिमा भारी वर्षाको सम्भावना रहेको आँकलन गर्न सकिन्छ, र त्यही अनुसार पूर्वतयारी गरेर बस्नुपर्छ भन्ने संकेत हो ।' उनले गत वर्ष पनि मनसुनको बेला भारी वर्षाले क्षति हुने सम्भावित स्थानहरुका बारेमा पूर्वचेतावनी गराइएको बताउँदै त्यतिबेला वेवास्ता गर्दा काठमाडौं उपत्यकामा जनधनको क्षति भएको बताए । भारतको दक्षिणी केरला राज्यमा सरदर भन्दा आठ दिन अगावै गत शनिबार मनसुन प्रवेश गरेकाले नेपालमा पनि सरदरभन्दा छिटो मनसुन प्रवेश हुने प्रक्षेपण गरिएको छ । मंगलबार आसामका केही भूभागहरु तथा भुटान र बंगलादेशको पूर्वी भेगसम्म मनसुन आगमन भैसकेको हुँदा नेपालमा सरदरभन्दा छिटो मनसुन भित्रिने त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलस्थित मौसम पूर्वानुमान महाशाखाले जारी गरेको मनसुन आगमन अनुगमन बुलेटिनमा उल्लेख छ ।

बुलेटिनमा भनिएको छ, 'भू-उपग्रहबाट प्राप्त बादलका तस्बिर, वायुमण्डलीय तथा मौसम मोडेलबाट प्राप्त तथ्याकंको विश्लेषणको आधारमा यस वर्षको मनसुन यसै साताको अन्त्यसम्ममा नेपालको पूर्वी भूभागबाट प्रवेश हुने सम्भावना देखिएको छ ।' मौसम पूर्वानुमान बुलेटिन अनुसार आगामी तीन दिन अर्थात बिहीबार बेलुकी र शुक्रबार दिउँसो र राति कोशी, गण्डकी र मधेश प्रदेशका केही स्थानमा भारी बर्षाको प्रक्षेपण गरिएको मौसमविद् ढकालले बताए । उनले भने, 'बिहीबार बेलुकी कोशी र गण्डकीको हिमाली तथा पहाडी भेगहरुमा र शुक्रबार दिउँसो र राति कोशी र मधेशको केही स्थानमा भारी बर्षा हुने देखिन्छ ।'

मनसुन सामान्यतः भारतको केरला राज्यमा मे ३१ वा जुन १ (जेठ १७ वा १८ गते) मा केरलामा आइपुग्ने र जुन १३ (जेठ ३०) भित्रमा नेपाल आइपुग्ने गर्छ । यसपाली केरलामा चाडै भित्रिएकाले नेपालमा पनि छिटै प्रवेश हुने आँकलन भैरहेको भएपनि यकिन भन्न नसकिने त्रिभुवन विश्वविद्यालयको जल तथा मौसम केन्द्रीय विभागका सहप्राध्यापक डा.मदन सिग्देल बताउँछन् । 'गत बर्ष बंगालको खाडीबाट आएको मनसुनी जलवास्प बंगलादेशमाथि र भारतको वेष्ट बेंगाल राज्यको सिलगुडीमुनि आएपछि केही दिन अडिएको थियो, मनसुनको सक्रियता र हावाको बहाव तथा नेपालको पनि आफ्नै भौगोलिक बिशिष्टताहरु भएका कारण यति नै समयमा आइपुग्छ भन्न सकिदैन,' उनले भने, 'यद्यपि सरदरभन्दा चाँडै र औसतभन्दा बढी बर्षात हुने पूर्वानुमान अनुसार पूर्वतयारीमा ध्यान दिनुपर्छ ।' सामान्यखालका हेलचेक्राईले नै काठमाडौंले डुबान भोगिरहेको हुनाले ढल नालाको सरसफाई गर्नेजस्ता कार्यहरु समुदायस्तरबाट समेत हुनु जरुरी रहेको बताए । गत वर्षको मनसुन तीन दिन चाँडै सुरु भएर १० ढिला बाहिरिँदा राष्ट्रिय विपद् प्राधिकरणको 'क्षति तथा नोक्सानीको प्रारम्भिक आँकलन' अनुसार करिब ४६ अर्ब ६८ करोड ४३ लाखभन्दा बढीको क्षति पुगेको थियो । ०८१ जेठ २८ देखि असोज २६ सम्म सक्रिय हुँदा सरदरभन्दा बढी मनसुनी वर्षा भएको थियो । जल तथा मौसम विज्ञान विभागको विश्लेषणअनुसार गत वर्ष ७७ वर्षकै इतिहासमा सबैभन्दा ठूलो पानी परेको थियो ।

## बुद्धशान्तिमा ट्रकले युवतीको कम्मरमाथि पेलेपछि ......

झापा(प्रस) । झापाको बुद्धशान्तिमा ट्रकको ठक्करबाट एक युवती गंभीर घाइते भएकी छन् । मंगलवार बिहान मेचीनगर नगरपालिका -१४ धाइजन चोकस्थित पूर्वपश्चिम राजमार्गमा काँकरभिट्टाबाट बिर्तामोडतर्फ आउँदै गरेको प्रदेश १-०१-०१४ प. ५१५२ न.को मोटरसाइकलललाई सोही दिशाबाट आउँदै गरेको प्रदेश १-०१-००१ ख. ४७११ न.को ट्रकले साइडबाट ठक्कर दिई दुर्घटना भएको हो । दुर्घटनामा मोटरसाइकल चालक मेचीनगर -१० बस्ने २९ वर्षीय राहुल गुप्तालाई केहि नभएको तर सोही मोटरसाइकलमा पछाडी सवार बुद्धशान्ति ५ बस्ने २२ वर्षीया आकृति दनुवार गंभीर घाइते भएकी छन् । उनको कम्मरमाथि पेलिएको छ । घाइतेलाई बीएण्डसी अस्पताल बिर्तामोडमा ल्याई उपचार भइरहेको छ । मोटरसाइकल ,ट्रक र ट्रक चालक बिर्तामोड ३ बस्ने ३४ वर्षीय विजय लिम्बू प्रहरी चौकी चारआलीको नियन्त्रणमा रहेको जिल्ला ट्राफिक प्रहरी कार्यालयले जनाएको छ ।

डा. प्रेम ब. शाही, MS, FISS
वरिष्ठ विशेषज्ञ - हाड, जोर्नी, नशा, मेरुदण्ड रोग /सर्जन
समयः सोमबार देखि विहिबारसम्म, २ बजे देखि

डा. दिपायन पाण्डे, MD
वरिष्ठ विशेषज्ञ - छाला, यौन, कपाल, सौन्दर्य, कुष्ठरोग
समयः प्रत्येक विहिबार, स्किन हस्पिटल, दमकबाट

डा. आलोक झा, MD
वरिष्ठ विशेषज्ञ - मानसिक, नशा तथा मनोरोग
समयः प्रत्येक महिनाको पहिलो शनिबार, कोशी हस्पिटल, विराटनगरबाट

डा. केशव कु. मण्डल, MD
वरिष्ठ विशेषज्ञ - नवजात शिशु तथा बाल रोग विशेषज्ञ
समयः दैनिक सेवा, विहान १० बजे देखि

डा. धिरज ताम्रकार, MD / डा. आनन्द देव, MD
वरिष्ठ फिजिसियन /इन्टरनल मेडिसिन
समयः दैनिक सेवा

डा. विकाश जैशी, MD, DM
वरिष्ठ विशेषज्ञ - कलेजो (लिभर) पेट, जन्डिस, हेपटाईटिस् रोग तथा कलेजो प्रत्यारोपण फिजिसियन
समयः प्रत्येक महिनाको अन्तिम आईतबार, विर हस्पिटल, काठमाडौंबाट

डा. अच्युत भक्त आचार्य, MD, DM
वरिष्ठ विशेषज्ञ - छाति, फोक्सो, दम, श्वासप्रश्वास, एलर्जी, निन्द्रा तथा क्षयरोग/ पल्मोनोलोजिष्ट
समयः प्रत्येक महिनाको अन्तिम शनिबार, नर्भिक हस्पिटल काठमाडौंबाट

डा. विवेक कट्टेल, MD, FRCI
वरिष्ठ विशेषज्ञ - बाथरोग, संक्रमण रोग तथा फिजिसियन
समयः प्रत्येक महिनाको दोस्रो शनिबार, न्यूरो हस्पिटल विराटनगरबाट

डा. निशान भुर्तेल, MD, DM
वरिष्ठ विशेषज्ञ - मृगौला (किड्नी) रोग तथा मृगौला प्रत्यारोपण फिजिसियन
समयः प्रत्येक महिनाको दोस्रो शुक्रबार, सिभिल हस्पिटल काठमाडौंबाट

स्वास्थ्य सेवामा तपाई सँगै
जिवनरक्षा बिर्तामोड
पोलिक्लिनिक एण्ड डायग्नोष्टिक सेन्टर प्रा. लि.
बिर्तामोड-४, भद्रपुररोड, झापा (भद्रपुरबसस्टेण्ड अगाडि)
जानकारी तथा नाम दर्ताका लागि सम्पर्क
023-591566 (Reception), 023-531242 (Pharmacy)
9807923352 / 9817094601
विशेषज्ञ OPD सेवा/प्याथोलोजि ल्याब/भिडियो एक्स-रे/डिजिटल एक्स-रे
ECG/ EEG/NCT/PFT/फार्मेसी
खुल्ने समयः विहान ७ बजे देखि बेलुकी ७ बजे सम्म

डा. धर्मागत भट्टराई, MD, DM
वरिष्ठ विशेषज्ञ - बाल रोग, इम्युनोलोजी (रोग प्रतिरक्षा), एलर्जी, बाल बाथजन्यरोग र बाल बोनम्यारो मेडिसिन विज्ञ
समयः प्रत्येक महिनाको अन्तिम शुक्रबार र शनिबार, ॐ हस्पिटल काठमाडौंबाट

डा. उत्कर्ष कार्की, MD, DM
वरिष्ठ विशेषज्ञ - बालबालिका किशोरकिशोरी नशा तथा मानसिक रोग /बाल मनोचिकित्सक
समयः प्रत्येक महिनाको दोस्रो शुक्रबार र शनिबार, कान्ति बाल हस्पिटल, काठमाडौंबाट

डा. सन्तोष मिश्र, MD, DM
वरिष्ठ विशेषज्ञ - बाल नशा मस्तिष्क, मेरूदण्ड, अटिजम, टाउको रोग /बाल न्यूरोलोजिष्ट
समयः प्रत्येक महिनाको पहिलो शुक्रबार र शनिबार, काठमाडौं मेडिकल कलेजबाट

डा. दिलिप न्यौपाने, MD, DM
वरिष्ठ विशेषज्ञ - बाल पेट, ग्याष्ट्रिक, आन्द्रा, प्यान्क्रियाज, कुपोषण, तथा कलेजो रोग /बाल ग्याष्ट्रोइन्टेरोलोजिष्ट
समयः प्रत्येक महिनाको पहिलो शुक्रबार र शनिबार, काठमाडौं मेडिकल कलेजबाट

प्रा. डा. गौरवराज ढकाल, MS, FISS
वरिष्ठ विशेषज्ञ - मेरूदण्ड (स्पाइन), नशा, ढाँड, गर्धन, कम्मर रोग /स्पाइन सर्जन
समयः प्रत्येक महिनाको दोस्रो शुक्रबार, ॐ हस्पिटल काठमाडौंबाट

डा. पुरूषोत्तम पराजुली, MS, MCh
वरिष्ठ विशेषज्ञ - पिसाब, प्रोस्टेट, मुत्रनलि, पत्थरी तथा मुत्र रोग /युरोलोजिष्ट
समयः प्रत्येक महिनाको तेस्रो शनिबार, न्यूरो हस्पिटल, विराटनगरबाट

डा. अपार पोखरेल, MS, FIPE
वरिष्ठ विशेषज्ञ - नाक, कान, घाँटी रोग /बाल तथा वयष्क ENT सर्जन
समयः प्रत्येक महिनाको अन्तिम शनिबार, सिभिल हस्पिटल, काठमाडौंबाट

डा. हरिशंकर प्र. यादव, MD, FIEM
वरिष्ठ विशेषज्ञ - मधुमेह (सुगर), थाइराईड, हर्मोन रोग
समयः प्रत्येक महिनाको अन्तिम शनिबार, विराटनगरबाट

# कालिका सिमसारबाट ४३ जना लागूऔषध प्रयोगकर्ता पक्राउ

झापा(प्रस) । झापामा लागूऔषधको कारोबार यति धेरै भयावह बनेको छ कि मेचीनगरको कालिका सिमसारमा लागूऔषध खरिद बिक्री गर्नेहरुको हिजो मेला नै लाग्यो । लागूऔषधको कारोबार गर्नेहरुको भीड लागेपछि प्रहरीले ४३ जनालाई पक्राउ गरेको छ ।

मंगलवार साँझ अन्दाजी ६ बजे मेचीनगर नगरपालिका वडा न.११ कालिका सामुदायिक वनमा इलाका प्रहरी कार्यालय धुलाबारीबाट प्रहरी निरीक्षक पाण्डवकुमार राजवंशी , प्रहरी चौकी चारआलीबाट प्रहरी नायव निरीक्षक प्रमोद रेग्मी, जिल्ला प्रहरी कार्यालय झापाबाट प्रहरी निरीक्षक बिजय चौहान र लागूऔषध नियन्त्रण ब्युरो काँकरभिट्टाबाट प्रहरी नायव निरीक्षक कुमार सोमेश लामिछानेको कमाण्डमा खटिएको स्वीप अपरेशन टोलीले बिभिन्न स्थान बस्ने ४३ जना लागूऔषध सेवनकर्तालाई




पक्राउ गरेको हो । पक्राउ पर्नेहरु सबै पुरुष हुन् । उनीहरु अन्दाजी १५ वर्षदेखि ४० वर्ष उमेर समूहका छन् । लागूऔषध कारोबारीहरु लागूऔषध बेच्न आएपछि उनीहरु किन्न भेला भएका थिए । पक्राउ पर्नेहरु लागूऔषध सेवनकर्ताहरु हुन् । कारोबारीहरु भाग्न सफल भएको बताइएको छ ।

पक्राउ परेका ४३ जनालाई आवश्यक कारबाहीको लागि जिल्ला प्रहरी कार्यालय झापा पठाइएको छ । उनीहरुको साथबाट लागूऔषध बरामद भएको छ । त्यसको परिमाण खुलेको छैन । त्यस्तै १४ वटा मोटरसाइकल , एउटा अटो र एउटा मारुती भ्यान बरामद भएको प्रहरी स्रोतले जनाएको छ । घरपरिवारका सदस्य तथा आफन्तहरुलाई जिल्ला प्रहरी कार्यालयमा झिकाई नियन्त्रणमा रहेकाहरुलाई आवश्यक परामर्श दिई नियमित निगरानी गर्न परिवारलाई जिम्मा लगाइएको र परिवारकै सहमतिमा केहीलाई पुनर्स्थापना केन्द्रतर्फ पठाउन पहल भइरहेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डीएसपी खगेन्द्र खड्काले बताए । साथै सो स्थानमा लागूऔषध वेचबिखन तथा कारोवार गर्नेहरुको खोजतलासको क्रममा बुधवार मेचीनगर नगरपालिका ११ बस्ने १८ वर्षीय शनिल मेचे र वडा नं. १२ बस्ने २५ वर्षीय अजय मेचेलाई जिल्ला प्रहरी झापाबाट प्रहरी निरीक्षक विजय चौहान र लागूऔषध व्यूरो काँकरभिट्टाका प्रहरी नायव निरीक्षक कुमार सोमेश लामिछानेसहितको टोलीले प्रतिबन्धित ब्राउनसुगर प्लाष्टिकसहित २.८१ ग्राम ,ट्रामाडोल १६ ट्याब्लेट, (एन्टीकोफ १५ ट्याब्लेट, स्पास्पेन १५ ट्याब्लेट ,नगद रू १८ हजार ४०० सहित नियन्त्रणमा लिइ आवश्यक अनुसन्धान तथा कारवाही भइरहेको डीएसपी खड्काले जानकारी दिएका छन् ।

# बलात्कार गर्ने इलामका शेर्पा पक्राउ

झापा(प्रस) । इलाममा अर्काको घरमा गएर बलात्कार गर्ने एकजनालाई प्रहरीले पक्राउ गरेको छ ।



जेठ ११ गते दिउँसो इलाम सूर्योदय नगरपालिका १२ शेर्पा गाउँ बस्ने सांकेतिक नाम पशुपति ढ १ की श्रीमती ४७ वर्षीया सांकेतिक नाम ०८१/०८२ पशुपती ढ लाई सोही ठाउँ बस्ने ४७ वर्षीया दावा शेर्पाले घरमा कोही नभएको बेला धाकधम्की दिई जवरजस्ती करणी गरेका थिए । पीडितका श्रीमानले मंगलवार बिहान प्रहरी चौकी आइतबारेमा मौखिक जानकारी र इलाका प्रहरी कार्यालय पशुपतिनगरमा पीडित आफै उपस्थित भई जाहेरी दिएपछि पीडक दावा शेर्पालाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

पीडित र पीडक दुबै जनालाई स्वास्थ्य परीक्षणको लागि जिल्ला अस्पताल इलाममा लगिएको र घटनाको बिषयमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय इलामले जनाएको छ ।

# भेलागुडीमा विश्रान्ती घाटसंगै मलामी घर पनि बन्दै

झापा(प्रस)। विभिन्न दाताहरुको सहयोगमा तीब्ररुपमा विश्रान्ती घाट निर्माण भइरहेको बिर्तामोड ८ को भेलागुडीमा मलामी विश्राम घर पनि निर्माण हुने भएको छ ।

करिव दुई सयजना मलामी अट्ने क्षमता भएको मलामी विश्राम घर निर्माण गर्न लागिएको बिर्तामोड ८ का वडाध्यक्ष अजय कार्कीले बताए । सो मलामी विश्राम घरको बिहीवार बिर्तामोड नगरपालिकाका नगर प्रमुख पवित्रा महतारा प्रसाईले शिलान्यास गर्ने कार्यक्रम रहेको छ । विश्रान्ती घाटको पाइलिङको काम बुधवार सम्पन्न भएको घाट निर्माण समितिका सचिव मदन अधिकारीले बताए । उनले विभिन्न दाताहरुबाट सहयोग जुट्ने क्रममा अहिलेसम्म करिव ४ लाख रुपैयाँ संकलन भएको जानकारी दिए । दाताहरुबाट निर्माण सामग्री पनि सहयोग प्राप्त भइरहेको उनको भनाई छ ।

# घाँस काट्ने क्रममा सर्पले डसेर महिला घाइते



झापा(प्रस) । इलाममा घाँस काट्ने क्रममा सर्पले डसेर एक महिला घाइते भएकी छन् । मंगलवार दिउँसो १.३० बजे इलाम चुलाचुली -१ राईटोल बस्ने ५५ वर्षीया इन्दिरा राई आफ्नै बारीमा घाँस काट्ने क्रममा उनलाई सर्पले डसेको थियो । दाहिने खुट्टाको मुनि नली खुट्टामा टोकी घाइते भएकी इन्दिरालाई उपचारको लागि रेडक्रस दमक ल्याई उपचार भइरहेकोमा बुधवार बिहान थप उपचारको लागि बिर्तासिटी अस्पताल बिर्तामोड ल्याइएको छ । बिरामीलाई आइसीयुमा राखी उपचार भइरहेको र अवस्था मध्यम रहेको जिल्ला प्रहरी कार्यालय इलामले जनाएको छ ।

# तातो खोलेमा डुबेर शिशु गंभीर घाइते

झापा(प्रस) ।इलाममा तातो खोलेमा डुबेर एक नवजात शिशु गंभीर घाइते भएका छन् । बुधवार बिहान १०:३० बजे इलाम माङसेबुङ गाउँपालिका २ याङरुपा .बस्ने दिवस राईका छोरा १६ महिनाका रिजन राई आफ्नै घरमा खेल्ने क्रममा गाईको लागि आगोबाट खोले पकाउने ठाउँमा पुगेर तातो खोलेमा डुबेका थिए । घाइते शिशुको नोबेल हस्पिटल बिराटनगरमा उपचार भइरहेको छ । उनको अनुहार र शरीरको करिब ७० प्रतिशत भागमा पोलेको र आइसीयुमा राखी उपचार भइरहेको प्रहरीले जनाएको छ ।

# नाबालिकालाई पालैपालो बलात्कार गर्ने र भिडियो बनाउने पाँच पक्राउ



झापा(प्रस) । ओखलढुंगामा १३ वर्षीया नाबालिकालाई पालैपालो बलात्कार गर्ने र भिडियो बनाउने पाँचजना किशोर पक्राउ परेका छन् । पक्राउ पर्नेहरु १५ र १६ वर्षका किशोरहरु रहेका छन् ।

जेठ ११ गते दिउँसो १२ बजे ओखलढुङ्गा मोलुङ गाउँपालिका वडा नं.- २ मा त्यस किसिमको घटना भएको हो । पाँचजनाले पालैपालो जवरजस्ती करणी गरेका थिए । दुईजनाले फोटो खिच्नुका साथै भिडियो बनाएका थिए । उनीहरुले यो कुरा कोही कसैलाई भनेमा बालिकालाई मारिदिने र उसको आमालाई समेत जवरजस्ती करणी गरी मारिदिने धम्की दिएका थिए । धाकधम्की दिई सामूहिक जबरजस्ती करणी गरेको भनि मंगलवार दिउँसो ४ बजे जिल्ला प्रहरी कार्यालय ओखलढुङ्गामा लिखित जाहेरी प्राप्त हुनसाथ ७ जनाको प्रहरी टोली खटिएर उनीहरु सबैलाई नियन्त्रणमा लिएको छ ।

# इलाममा लडेर एकजना गंभीर घाइते

झापा(प्रस) । इलाममा लडेर एकजना गंभीर घाइते भएका छन् । मंगलवार राति ९.३० बजे इलाम.नगरपालिका ६ कारागार वस्ने ३७ वर्षीय सन्तोष ढकाल बाटोमा लडिरहेको अवस्थामा फेला परेका हुन् । छिमेकीले देखेर उनलाई उपचारको लागि जिल्ला अस्पताल इलाम पुर्याएकोमा थप उपचारका लागि बीएण्डसी अस्पताल बिर्तामोड ल्याइएको छ ।

घाइतेको दाहिने आँखामाथि चोट लागेको छ । बोल्न नसक्ने अबस्था गम्भीर रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।


## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

**प्रथम पटक प्रकाशित मिति-२०८२/०२/१५**

**कम्पनी ऐन २०६३ अनुसार यस प्रा.लि. को मिति २०८१/१२/०२ गतेको विशेष साधारण सभाको निर्णय बमोजिम साविकको सुरुङ्गा ह्याप्पी किड्स एकाडेमी प्रा.लि. को नाममा रहेको सम्पूर्ण चल अचल सम्पति , तथा तिर्नु बेहोर्नु पर्ने ऋण , धनका सम्पूर्ण दायित्व आदि परिवर्तित नामको संस्थाले सकार्ने गरी श्री कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८१/१२/०८ को निर्णय अनुसार संस्थाको नाम परिवर्तन गरी ज्ञानकुन्ज एकाडेमी प्रा.लि. कायम गरिएको ब्यहोरा सम्पूर्णमा यसै सूचनामार्फत जानकारी गराइन्छ ।**



## झापा गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

## प्रशिक्षणमा सहभागी भईदिने बारेको सूचना

जीवन विज्ञानको स्वजागरण ध्यानको माध्यमबाट कक्षाकोठामा योग, ध्यान र प्राणायमलाई कसरी रुपान्तरण गरि शिक्षण सिकाइ क्रियाकलापमा सहयोग पुऱ्याउने भनि शिक्षा विकास तथा समन्वय इकाई, भद्रपुर, झापाको समन्वयमा र झापा गाउँपालिकाको आयोजनामा तपशिल मिति, स्थान र समयमा १८ औं गणतन्त्र दिवसको अवसरमा एक दिवसीय प्रशिक्षण कार्यक्रम सञ्चालन हुने भएकाले सम्पूर्ण सामुदायिक विद्यालयका शिक्षक शिक्षिका ज्यूहरुकोको उपस्थितिको लागि सादर अनुरोध छ ।

**तपशिल:**

**मिति: २०८२-०२-१५ गते विहिबार**

**स्थान: दुर्गा मन्दिरको सामुदायिक भवन , झापा गाउँपालिका ०३, कामाटोली बजार**

**समय: बिहानको १०:३० बजे**

**नोट:** सम्पूर्ण सामुदायिक विद्यालयका प्रधानाध्यापक ज्यूहरुले आफुसहित आफ्ना विद्यालयका शिक्षक, शिक्षिकालार्य कार्यक्रममा उपस्थितिको लागि समन्वय गरिदिनुहुन अनुरोध छ ।


# विनोद बस्नेतलाई सम्झदै रोटरीले मनायो चार्टर डे

बिर्तामोड(प्रस) । मानवीय सेवामा समर्पित अन्तर्राष्ट्रिय संस्था रोटरी क्लब अफ बिर्तामोडले १५ औं स्थापना दिवस क्लबका लोकप्रिय साथी,पूर्व अध्यक्ष विनोद बस्नेतलाई सम्झदै लोकोपयोगी कार्यहरु गरी मनाएको छ ।

पूर्व अध्यक्ष बस्नेतको स्मृतिमा रोटरी क्लब अफ बिर्तामोडले रक्तदान र बृक्षरोपण कार्यक्रम गरेको हो । बिर्ताबजारस्थित दुर्गा मन्दिरमा आयोजित कार्यक्रममा ४ महिलासहित ५२ जनाले रक्तदान गरेका छन् ।

नेपाल रेडक्रस सोसाइटीको प्राविधिक सहयोग रहेको रक्तदान कार्यक्रमलाई प्रमुख अतिथि संविधानसभा सदस्य सुधिरकुमार शिवाकोटीले उद्घाटन गरेका थिए । कार्यक्रममा बिर्तामोड नगरपालिका वडा नं. ३ का वडाध्यक्ष मदन बुढाथोकीको विशेष आतिथ्यता रहेको थियो ।

प्रत्येक वर्ष मे २८ का दिन स्थापना दिवस मनाउने गरेका रोटेरियनहरुले यो वर्षको स्थापना दिवस पूर्व अध्यक्ष विनोद बस्नेतको स्मृतिमा रक्तदान तथा बृक्षरोपण गरेर मनाएका हुन् । ५२ वर्षको अल्पायुमा अकल्पनीय स्वर्गारोहण




भएका स्व बस्नेतको मानवीय सेवाको उच्च भावनाको सम्मान गर्दै रक्तदान कार्यक्रम आयोजना गरिएको रोटरी क्लब अफ बिर्तामोडका अध्यक्ष सुरेशकुमार अग्रवाल ' भद्रपुरे' ले जानकारी दिए ।

रोटरी क्लब अफ बिर्तामोडका अध्यक्ष अग्रवालको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन शैलेन्द्र कुरुङवाङले गरेका थिए भने स्वागतसहित कार्यक्रमको औचित्यमाथि अध्यक्ष अग्रवालले प्रकाश पारेका थिए ।

रोट्र्याक क्लब अफ बिर्तामोडलगायत विभिन्न संघ संस्थाको समन्वय तथा दुर्गा मन्दिर व्यवस्थापन समिति बिर्ताबजारको सहकार्यमा सञ्चालित रक्तदान कार्यक्रमको संयोजन सजेश शिवाकोटीले गरेका थिए । दुर्गा मन्दिर व्यवस्थापन समितिका अध्यक्ष बासुदेव माझीले धन्यवाद ज्ञापन गरेका थिए ।यसअघि बस्नेतकै स्मृतिमा बिर्तामोड ३ स्थित विराट भरत विश्रान्ति परिसरमा विभिन्न जातका फलफूलका बिरुवा रोपिएको अध्यक्ष अग्रवालले बताए ।

कार्यक्रम संयोजक ओमकृष्ण विमलीको संयोजकत्वमा आयोजित वृक्षरोपण कार्यक्रममा क्लबका पूर्व अध्यक्षसहित रोटेरियन र रोट्र्याक्टरहरूको उल्लेख्य उपस्थिति रहेको थियो।

# गणतन्त्र दिवसका अवसरमा एक सय पाँच जनाले गरे रक्तदान

भद्रपुर(प्रस) ।कर्मचारी मिलन केन्द्र झापाले आयोजना गरेको रक्तदानमा एक सय पाँच जनाले रक्तदान गरेका छन् । गणतन्त्र दिवस २०८२, को अवसरमा आयोजना गरिएको उक्त कार्यक्रममा ९७ जना पुरुष र आठ जना महिलाले रक्तदान गरेका हुन् ।

जिल्ला प्रशासन कार्यालयको प्राङ्गणमा बुधवार भएको रक्तदान कार्यक्रममा प्रमुख जिल्ला अधिकारी गोपालकुमार अधिकारी, जिल्लास्थित विभिन्न सरकारी तथा गैर सरकारी कार्यालयका कर्मचारी तथा सर्वसाधारणको सहभागिता रहेको



मिलन केन्द्रका अध्यक्ष संजिवकुमार शाहले जानकारी दिए । उनले रगतको अभावले कुनै पनि व्यक्तिले ज्यान गुमाउन नपरोस् भन्ने उद्देश्यले रक्तदान कार्यक्रमको आयोजना गरिएको बताए ।

यसअघि पनि विभिन्न सामाजिक तथा जनकल्याणकारी कार्यक्रम गर्दै आएको मिलन केन्द्रले आगामी दिनहरुमा यस्ता कार्यक्रमहरुलाई निरन्तरता दिने केन्द्रका अध्यक्ष शाहले बताए । रक्तदान कार्यक्रम जिल्ला प्रशासन कार्यालयको समन्वय तथा नेपाल रेडक्रस सोसाइटी झापाको सहयोगमा सम्पन्न भएको हो ।


## नियमित रुपमा स्वास्थ्य जाँच गरौं ।

**नियमित स्वास्थ्य परीक्षण किन ?**

- प्राणघातक रोगहरुको प्रारम्भिक अवस्थामा नै पहिचान गर्न,
- पहिचान भएका रोगको समयमा नै रोकथाम तथा उपचार गर्न,
- सम्भावित रोगको पुर्वानुमान गरी बच्न र बचाउन,
- दीर्घ रोगबाट बच्न,
- उपचार खर्च कम गर्न,

**त्यसैलै,**

- स्वास्थ्य परीक्षण स्वास्थ्यमा गरिने लगानी हो,
- आफूलाई पायक पर्ने स्वास्थ्य संस्थामा गई नियमित रुपमा परीक्षण गराऔं,
- स्वस्थ्य र निरोगी बनौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# थाइराइड रोग

**पछिल्लो समय थाइराइड रोगका बिरामी बढिरहेका छन् । खासमा थाइराइड हर्मोन शरीरलाई एकदम आवश्यक पर्छ । टाउकोदेखि खुट्टासम्म शरीरका हरेक अङ्गलाई यो हर्मोन चाहिन्छ । यसले शरीरको मेटाबोलिज्म (खानालाई शक्तिमा परिणत गर्ने प्रक्रिया) लाई नियन्त्रण गर्छ । थाइराइड ग्रन्थी हाम्रो घाँटीको तलपट्टि हुन्छ, जसले हर्मोन उत्पादन गर्छ । थाइराइड रोग लाग्यो भने हर्मोन बढी वा कम उत्पादन हुने समस्या हुन्छ । हर्मोन बढी हुनुलाई हाइपर थाइराइडिज्म र कम हुनुलाई हाइपो थाइराइडिज्म भनिन्छ । चिकित्सकका अनुसार थाइराइड रोग चार किसिमका हुन्छन् । ती हुन् : थाइराइड ग्रन्थीमै मासु वा डल्लो पलाउने, थाइराइड नोडुल वा क्यान्सर, हाइपर थाइराडिज्म र हाइपो थाइराडिज्म । यो रोग सामान्यतया शरीरको रोग प्रतिरोधात्मक क्षमतामा कमी भएकै कारण लाग्ने गर्छ । वंशानुगत रूपमा पनि यो रोगले सताउने गर्छ । रुघा लागेमा वा भाइरल इन्फेक्सन भएमा थाइराइड ग्रन्थीमा सङ्क्रमण भएर यो रोग देखिन सक्छ । विभिन्न रसायन र अन्य कारणले वातावरणीय प्रदूषणले गर्दा पनि यो रोग लाग्ने गर्छ । लामो समयसम्म औषधीको प्रयोगले पनि मानिसमा थाइराइडको समस्या देखिने गर्छ । विभिन्न विकिरणको प्रयोगले पनि थाइराइड क्यान्सर हुने सम्भावना रहन्छ ।**

**यो रोगले छोएपछि कपाल धेरै झर्ने, दुब्लाउने वा मोटाउने, शरीरमा पसिना बढी आउने वा कम आउने, निद्रा बढी लाग्ने वा कम लाग्ने, कब्जियत हुने वा झाडापखाला लाग्ने, महिलाको महिनावारी गडबडी हुने, मुटु जोडसँग ढुकढुक हुने, हात काँप्ने, गर्मी बढी हुने वा जाडो हुने, छाला खस्रो हुने र निःसन्तान समस्या देखिन सक्छ । थाइराइड रोगमा पनि सबैभन्दा बढी देखिने समस्या भनेको हाइपो थाइराइडिज्म हो । हर्मोनको उत्पादन कम भएमा यो रोग लाग्छ । पुरुषको तुलनामा महिलामा यो रोग बढी देखिन्छ । यो रोगले खास गरी २० देखि ४० वर्ष उमेर समूहका प्रजनन उमेरका महिलालाई बढी सताउँछ । कसैलाई थाइराइड क्यान्सर भए नभएको साधारण भिडियो एक्सरे र एफए इसी जाँचबाटै थाहा हुन्छ । रोग पहिचानपछि यसको उपचार भनेको शल्यक्रिया नै हो । शल्यक्रियापछि पनि बिरामीले चिकित्सकको निगरानीमा बस्नुपर्ने हुन्छ । नेपालमा कुल जनसंख्यामध्ये १२ प्रतिशत थाइराइडबाट पीडित छन् । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार नेपालमा थाइराइड नौ जना महिलालाई हुँदा एक जना पुरुषलाई हुने गरेको छ । चिकित्सकका अनुसार ५० प्रतिशत मानिसलाई थाइराइड भए पनि लक्षण पत्ता लाग्दैन । यो समस्या जटिल बन्दै गएको छ । त्यसैले रोग नपालौं, रोग लागिहाल्यो भने समयमै उपचार गरौं ।**



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईंसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# लोकतान्त्रिक गणतन्त्रको यात्रा



• श्रीमननारायण मिश्र

जननिर्वाचित संविधान सभाको पहिलो बैठकबाट २४० वर्ष पुरानो राजसंस्थाको अन्त्य भएको र देशमा गणतन्त्रको स्थापना भएको घोषणा हुँदा लाखौं नेपाली जनता काठमाडौंको सडकमा हर्ष र उत्साहले रोमाञ्चित थिए । ताली बजाएर गणतन्त्रको स्वागत गरेका थिए, दीपावली मनाएका थिए । नेपालमा गणतन्त्रको स्थापना भएको १७ वर्ष बितिसकेको छ । देश अब गणतन्त्रको १८ औं वर्षको यात्रामा प्रवेश गरेको छ । विगत १७ वर्षको गणतान्त्रिक यात्राको सिंहावलोकन गर्दा असन्तोष व्यक्त गर्नुपर्ने कुनै कारण छैन । नेपाली जनताको चाहना र अपेक्षालाई सम्बोधन गर्नमा नेपालको गणतन्त्र सफल साबित भएको छ । आगामी दिनमा पनि लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरणका लागि नेपाली जनताले आआफ्नातर्फबाट यथासम्भव भूमिकाको निर्वाह गर्ने निश्चित छ ।

नेपालको विगत साढे सात दशक लामो राजनीतिक इतिहासको समीक्षा गर्ने हो भने यस अवधिमा चार पटक राजनीतिक परिवर्तन भएका छन् । पहिलो- विसं २००७ मा १०४ वर्ष पुरानो पारिवारिक राणा शासनको अन्त्य र देशमा प्रजातान्त्रिक शासन प्रणालीको स्थापना । दोस्रो- तत्कालीन राजा महेन्द्रबाट जननिर्वाचित सरकार र संसद्लाई विघटन गरी शासनसत्ताको सम्पूर्ण बागडोर आफ्नो हातमा लिनु थियो । राजा महेन्द्रले देशमा लागु गरेको निर्दलीय पञ्चायती शासन र सक्रिय राजतन्त्र तीन दशकसम्म देशमा कायम रह्यो । तेस्रो- देशका लोकतान्त्रिक र वामपन्थीहरूले पञ्चायती शासनको अन्त्य र बहुदलीय व्यवस्थाको पुनर्स्थापनाका लागि चलाएको आन्दोलनको सफलतापश्चात् देशमा प्रजातन्त्रको पुनर्स्थापना भयो । पञ्चायती व्यवस्थाको अन्त्यसँगै देशबाट सक्रिय राजतन्त्रको पनि बिदाइ भयो । संवैधानिक राजाको रूपमा बस्न तत्कालीन राजा वीरेन्द्र सहमत भए ।

चौथो राजनीतिक परिवर्तनलाई ऐतिहासिक मान्नुपर्ने हुन्छ । तत्कालीन राजा ज्ञानेन्द्रमा रहेको सक्रिय राजनीतिको अत्यधिक मोहले देशलाई सधैंका निम्ति राजतन्त्रको छायाबाट मुक्त हुन बाध्य बनायो । जनआन्दोलन-२ को सफलतापश्चात् देशका राजनीतिक दलहरूले जननिर्वाचित संविधान सभाको पहिलो बैठकबाट राजतन्त्रको सबैखाले प्रारूपको अन्त्य भएको घोषणा गर्दा संविधान सभाको कक्षबाट कसैले पनि असन्तुष्टि व्यक्त गरेनन् । न त सडकमा नै कुनै व्यक्ति अथवा समूहको असहमतिको स्वर देखियो । नेपालमा गणतन्त्रको स्थापना हुनलाई सबैले आफ्नो सफलताको रूपमा लिए । गणतन्त्रको सफल यात्रा निर्बाध रूपमा जारी छ ।

नेपालमा गणतन्त्र स्थापना भएको विगत १७ वर्षमा मधेशी समुदायबाट डा. रामवरण यादव राष्ट्रपतिमा र परमानन्द झा तथा रामसहाय यादव उपराष्ट्रपति पदमा, महिलाबाट श्रीमती विद्यादेवी भण्डारी राष्ट्रपतिमा र जनजातिबाट नन्दकिशोर पुन उपराष्ट्रपतिमा तथा खस आर्यबाट महामहिम रामचन्द्र पौडेल राष्ट्रपतिको गरिमामय पदबाट सुशोभित भइसक्नुभएको छ । समावेशितालाई गणतन्त्र एवं लोकतन्त्रको गहना मानिन्छ । उपरोक्त उदाहरण हाम्रो देशको सफल गणतन्त्रको उदाहरणलाई प्रमाणित गर्छ ।

गणतन्त्रमा 'गण' अथवा 'समूह' को शासनलाई महत्व दिइएको हुन्छ । नेपालको संविधानमा स्थानीय तहलाई अधिकारसम्पन्न बनाइएको छ । स्थानीय तहलाई मिनी सिंहदरबारको संज्ञा पनि दिइएको छ । जनताका अधिकांश सरकारी कामकाज स्थानीय स्तरबाट नै भइरहेका छन् । भाषा, संस्कृति, पर्यटन, कृषि, वन, तथा उद्योग कारखानाको विकासका लागि प्रादेशिक सरकारहरूलाई अधिकार सम्पन्न र सशक्त बनाइएको छ । प्रादेशिक सरकार संघीय सरकारसित मुठभेडको अवस्थालाई सिर्जना हुन नदिई समन्वय र सहकार्यबाट जनताका जल्दा बल्दा समस्याको समाधानमा ध्यानकेन्द्रित गरेमा हाम्रो गणतन्त्र थप बलियो हुने छ । गणतन्त्रप्रति जनतामा विश्वास र समर्थन बढाउने काम प्रादेशिक सरकारहरू र स्थानीय तहले नै गर्ने हो । आखिर नेपालका संविधान निर्माताहरूले २४० वर्ष पुरानो एकात्मक शासन प्रणालीलाई समाप्त गरी संघीय संरचनालाई आत्मसात् गरेका छन् भने यसको बलियो बनाउने जिम्मेवारी स्थानीय तह र प्रादेशिक सरकारको हो ।

नेपालमा जनवादको सुदृढ स्थापना ठुलो उपलब्धि हो । जनवादको स्थापनाको लागि जनआन्दोलन-२ को सफलतापश्चात् पहिलो संविधान सभा अस्तित्वमा आएदेखि नै भएको हो । २०७२ असोज ३ गते संविधान जारी भएपश्चात् तथा २०७४ सालको मङ्सिरमा संघीय संसद् र प्रदेश सभाहरूको निर्वाचनपश्चात् नयाँ सरकार अस्तित्वमा आएपछि गणतन्त्र पूर्णरूपेण कार्यान्वयनमा आएको हो । नेपाल एउटा स्थिर तथा आधुनिक लोकतान्त्रिक गणतन्त्र हो । गणतन्त्रमा प्रत्येकको नागरिकको अधिकार र आवाज पनि संविधानले सुरक्षित गरेको छ । लोकतान्त्रिक गणतन्त्रमा बृहत् को शासन हुन्छ । हाम्रो संविधानले महिला, दलित, आदिवासी, जनजाति, खस, आर्य, मधेशी, अल्पसङ्ख्यकहरूको अधिकार र प्रतिनिधित्वलाई पनि सुनिश्चित गरेको छ । ८५ प्रतिशत हिन्दु र ९५ प्रतिशत जति ओमकार परिवारका सदस्य भएको नेपालमा यहाँका जनताले धार्मिक उदारता र सहिष्णुताको उच्च प्रदर्शन गर्दै देशलाई धर्मनिरपेक्ष घोषित गराए । धर्म निरपेक्ष राष्ट्रमा सबैलाई एक समान धार्मिक स्वतन्त्रताको अधिकार प्राप्त रहेको हुन्छ तर धर्म परिवर्तन गराउने, धार्मिक कट्टरता फैलाउने र समाजमा वैमनस्य फैलाउने काम भएमा त्यो धर्म निरपेक्षताको चरित्रविपरीत मानिने छ । समाजमा सहिष्णुता, सामाजिक सद्भाव र सहकार्यको वातावरण भएमा देश पनि प्रगति गर्न समय लाग्दैन ।

गणतन्त्र र जनतन्त्रको सम्बन्धबारे बुझ्नु आवश्यक छ । बेलायत राजतन्त्र छ, गणतन्त्र होइन तर जनतन्त्र निर्विवाद रूपले छ । अमेरिकामा गणतन्त्र पनि छ र जनतन्त्र पनि छ । फ्रान्सेली क्रान्तिपश्चात् त्यहाँ बिच बिचमा रूपान्तरित शासन पनि आयो तर पनि त्यहाँ गणतन्त्र र जनतन्त्र दुवै रहिरह्यो । कमनवेल्थका अनेकौं देश क्यानडा, अस्ट्रेलिया र न्युजिल्यान्डमा जनतन्त्र छ तर गणतन्त्र छैन किनभने यी राष्ट्रहरू बेलायतका राजालाई राष्ट्रप्रमुख मान्ने गर्छन् । कतिपय वामपन्थी देशहरू आफ्नो देश गणतान्त्रिक राज्य भएको दाबी गर्छन् ।

साम्यवादी शक्तिको उत्कर्षका बेला केन्द्रीय जनतन्त्रको परिकल्पनालाई प्रचार गरिएको थियो । उत्तरी छिमेकी चीनमा माओवादी चिनियाँ क्रान्तिपश्चात् देशको नामकरण नै जनवादी गणतन्त्रको रूपमा भयो । सोभियत सङ्घ गणतन्त्रको एकीकृत संघ थियो । आज पनि जनमानस गणतन्त्र र जनतन्त्रलाई एकअर्काको पर्यायवाची मान्ने गर्छन् र यिनीहरूका निम्ति एउटै अर्थ हो स्वाधीनता । जनतन्त्र र लोकतन्त्र पर्यायवाची शब्द हुन् ।

लोकतन्त्रमा संवाद र छलफलको महत्वलाई बुझ्ने काम भएमा यसबाट लोकतन्त्र थप बलियो हुने गर्छ । आफ्नो सिद्धान्तप्रति दृढ रहँदै अन्य राजनीतिक दलको विचारलाई स्वीकार गर्नु ठुलो कुरा मानिन्छ । यसले नै लोकतन्त्रलाई बलियो बनाउने गर्छ । दक्षिणी छिमेकी भारतमा जस्तै हाम्रो देशमा पनि धार्मिक, सांस्कृतिक एवं भाषिक विविधतालाई संविधानले एक सूत्रमा बाँधी राष्ट्रिय एकतालाई सुदृढ बनाएको छ । यसबाट स्वतः नै जनतामा राष्ट्रप्रेम जागृत हुने गर्छ । अधिकांश औपनिवेशिक देशमा स्वाधीनताका निम्ति आमजनता मिलेर आन्दोलनमा भाग लिने काम गरेका थिए तर देश स्वतन्त्र भएपछि फरक मतका दलहरूमाथि प्रतिबन्ध लगाउने काम भयो । फलस्वरूप त्यहाँ लोकतन्त्र बलियो हुन सकेन । लामो समयसम्म एउटै दल सत्तामा रहने षडयन्त्र भयो र अन्य दलको जनाधारलाई विकसित गर्नमा रोक लगाउने काम भयो तर हाम्रो देशमा क्षेत्रीय र जातीय दलहरूको संख्यामा वृद्धि भएको छ । राम्रो प्रदर्शनका लागि जनताले पत्याउनु पर्‍यो तर पनि क्षेत्रीय राजनीतिक दलहरूको जनधारमा विकास नै भएको छ । क्षेत्रीय राजनीतिक दलहरू १० देखि १५ प्रतिशतसम्म मत हासिल गरिरहेका छन् । सरकारको नेतृत्व स्थानीय नेताहरूले गरिरहेका छन् । नेपालको सफल गणतान्त्रिक यात्रा जारी छ ।

# सार्वजनिक सेवा र सुशासन



• रुपचन्द्र अधिकारी

शासनको वैधता, सर्वस्वीकार्यता तथा स्थायित्व सार्वजनिक सेवाको प्रभावकारीमा निर्भर हुन्छ । झट्ट सुन्दा सार्वजनिक सेवाले सरकारी सेवालाई नै प्रतिनिधित्व गर्छ । यो दृष्टिकोणबाट राज्यद्वारा नागरिकका लागि प्रदान गरिने सम्पूर्ण सेवा सार्वजनिक सेवा हुन् । जसलाई सरकारी सेवा पनि भनिन्छ । राज्यको अनौपचारिक उपस्थिति हुँदा नै यसको सञ्चालन गर्न सरकारको भूमिका आवश्यक भएको हो । औपचारिक राज्यको स्थापनापश्चात् राज्यलाई दिशा निर्देश गर्ने सन्दर्भमा एक वैधानिक पात्रको रूपमा सरकारको भूमिकाले स्थान ग्रहण गर्दै गएको हो । राज्य सञ्चालन प्रणालीमा सरकारको भूमिकामा विस्तार हुँदै गर्दा सरकारको जिम्मेवारी पनि बढ्न थाल्यो । तत्पश्चात् विस्तार भएका भूमिकाको नागरिक मूल्याङ्कनमार्फत समग्र सरकारकै वैधता हासिल गर्नु अपरिहार्य हुन आउँथ्यो । यस क्रममा सार्वजनिक सेवाप्रति राज्यको जिम्मेवारी तथा उत्तरदायित्व झनै विकास हुँदै गयो । किनकि यसको गुणस्तर र नागरिक सन्तुष्टिको स्तर नै सरकारको प्रमुख मूल्याङ्कन सूचक हुन् । यही मान्यताको आत्मसात् हुँदै गर्दा सार्वजनिक सेवा नागरिकको अधिकारको रूपमा विकास भयो । साथसाथै सार्वजनिक सेवाको प्रभावकारिता नै सुशासनको आधारभूत पक्षको रूपमा स्थापित भयो ।

प्राचीन समय तथा सुरुवातमा सार्वजनिक सेवाले मात्र सरकारद्वारा वितरण गरिने सेवालाई समेटेको थियो । समयक्रममा नागरिक सचेतना अभिवृद्धि हुँदै गयो । संसारभर लोकतान्त्रिक तथा उदारीकृत व्यवस्थामार्फत मानव अधिकारको अवधारणा व्यापक हुँदै गयो । विश्वव्यापीकरणको प्रभाव विस्तार भएसँगै बहुस्तरीय शासनको मान्यता व्यवहारमा अभ्यास हुने क्रम बढ्यो । यिनै कारणले गर्दा सीमित शासनको अवधारणाको अभ्यास आज व्यवहारतः संसारभर विस्तार हुँदै गएको छ । जस अन्तर्गत सार्वजनिक सेवाको अवधारणामा पनि बृहत्तर विकास र परिवर्तन भएको छ । प्रारम्भमा सार्वजनिक सेवा प्रवाहको वितरक संयन्त्रको रूपमा सार्वजनिक प्रशासन मात्र रहेकोमा हाल बहुपात्रको उपस्थिति छ । सार्वजनिक प्रशासनको नवोदित अवधारणाको रूपमा नयाँ सार्वजनिक व्यवस्थापन, नयाँ सार्वजनिक सेवा र नयाँ सार्वजनिक शासनको मान्यता विकास भएका छन् । जसका माध्यमबाट शासन व्यवस्थामा बहुपात्रको भूमिका, सार्वजनिक-निजी साझेदारी, सहनिर्माण, सहव्यवस्थापन, शासनमा सञ्जालीकरण र विश्वव्यापीकरणलाई स्वीकार गर्न सहज भएको छ । परिणामतः सार्वजनिक सेवा सरकारको मात्र जिम्मेवारी नभएर सरकार, निजी क्षेत्र, गैरसरकारी सङ्घ संस्था, सामुदायिक सङ्घ संस्था, सहकारी, नागरिक समाज, अन्तर्राष्ट्रिय विकास साझेदार सबैको जिम्मेवारीमा रूपान्तरण भएको छ । अझ भनौं सरकारको भूमिका मुख्यतः रेफ्री अर्थात् निरीक्षकको रूपमा विकास भएको छ । अबको समयमा तमाम शासकीय साझेदारले आफ्ना गतिविधि सञ्चालन गर्दा नागरिकले प्राप्त गर्ने सेवाको गुणस्तरमा सम्झौता नहुने गरी सेवा प्रदायक शासकीय साझेदारको नियमन, अनुगमन, नियन्त्रण र समन्वय गर्ने कार्य तथा जिम्मेवारी सरकारको हुनु पर्छ । साथै प्रदत्त सार्वजनिक सेवाको उपयोगमार्फत नागरिकले पूर्ण सन्तुष्टि हासिल गर्न सकेको हुनु पर्छ । यो अवस्थामा सुशासनका प्रमुख आयाम (राजनीतिक, आर्थिक, सामाजिक तथा प्रशासनिक) सबल र सुसंस्कृत हुन सक्छन् । यही परिवेशमा सार्वजनिक सेवाको गुणस्तर सुधार गरी नागरिक सन्तुष्टि अभिवृद्धि गर्ने सोचमार्फत सुशासन हासिल गर्नु आजको आवश्यकता हो । जसका लागि सरकारले सरोकारवाला सबै पक्षबिच उचित समन्वय कायम गर्नुपर्ने हुन्छ । सरकारको समन्वयात्मक भूमिकाबाहेक वर्तमान समयमा नागरिकले प्राप्त गर्दै आएको सार्वजनिक सेवाको वर्तमान अवस्थाको बारेमा पनि सही विश्लेषण हुन जरुरी छ ।

सार्वजनिक सेवाको रूपमा नागरिकलाई सरकारले उपलब्ध गराउनुपर्ने सेवामध्ये आधारभूत आवश्यकताको उपलब्धता नै प्रमुख हो । उपलब्धता मात्र नभएर गुणस्तरीय आपूर्ति हो । उदाहरणका लागि आर्थिक सर्वेक्षण २०८०/८१ को तथ्याङ्क अनुसार आधारभूत खानेपानीको पहुँच ९६.७५ प्रतिशत रहँदा उच्च मध्यम स्तरको खानेपानी पहुँच २७.२६ प्रतिशत रहेको छ । यस्ता आधारभूत आवश्यकताको परिपूर्ति गर्न राज्यले अब गुणस्तरीयतालाई प्रमुख आधार बनाउनुपर्ने हुन्छ । तथ्याङ्कमा साक्षरता दर र विद्यालय भर्ना दरमा राम्रो सुधार देखिन्छ । यद्यपि सामुदायिक विद्यालय अन्तर्गत सरकारले गरेको लगानीबाट उचित प्रतिफल प्राप्त हुन सकेको छैन । विद्यालय तथा क्याम्पस तहमा विद्यार्थीको उत्तीर्ण दर तथा विद्यार्थीले विद्यालय/क्याम्पस छोड्ने दर हेर्दा सरकारको लगानी बालुवामा पानी हाले सरह भएको छ । अन्तर्राष्ट्रिय शैक्षिक केन्द्रको रूपमा नेपाललाई विकास गर्ने दिगो सोच हुनुपर्नेमा दिनहुँ हजारको संख्यामा वयस्क शिक्षा र रोजगारीका लागि विदेश यात्रामा निस्किने गरेको तितो यथार्थ हामीमाझ छ । सार्वजनिक सेवाको गुणस्तरसँग अन्तर सम्बन्धित यो नै बहुआयामिक प्रभावयुक्त तथ्य हो । शिक्षण पेसा योग्यको न्यून प्राथमिकतामा पर्नु, निजामतीलगायतका संस्थान सेवा रोजगारीका लागि पहिलो रोजाइमा पर्नु तर रोजाइको विपरीत निजामतीलगायत अन्य प्रशासनले नागरिक स्तरबाट विश्वास आर्जन गर्न नसक्नुले राज्यले नीति तहमा नै गृहकार्य नपुगेको प्रस्टै छ ।


सार्वजनिक सेवाको गुणस्तर केवल सेवाको आकार र उपलब्धतासँग मात्र सीमित हुँदैन । सेवा प्रदायक र सेवा प्राप्तकर्ताको आपसी व्यवहार र संस्कारसँग पनि सम्बन्धित हुन्छ । आज आधारभूत आवश्यकता अन्तर्गत पर्ने यातायात पूर्वाधार र साधनको द्रुततर विकास भएको छ । यद्यपि गुणस्तरीयतामा सन्तुष्ट हुने अवस्था छैन । बढ्दो सडक दुर्घटनाको मुख्य कारण नै राजमार्गको अवस्था र क्षमताभन्दा अधिक संख्यामा यात्रु सवार गराउने प्रवृत्ति हो । यसतर्फ राज्यले सरकारी संयन्त्रबाट सेवा प्रदान गर्न सक्ने अवस्था त छैन नै, आवश्यक नियमनमा समेत राज्यको कमजोरी प्रस्ट देखिन्छ । भाडादरको अनियमितता एकातर्फ छ, अर्कोतर्फ यातायात मजदुरहरूले यात्रुहरूलाई गर्ने व्यवहार र संस्कारले साँच्चै नै हाम्रो सभ्यतालाई गिज्याउँछ । स्वास्थ्य सेवामा राज्यले गरेको लगानी र प्रभावकारिता पनि उस्तै प्रकारको छ ।

मातृ मृत्युदर, शिशु मृत्युदरलगायत सूचकमा सुधार आए तापनि सरकारी स्वास्थ्य संस्थामा नागरिकको पहुँच र विश्वासको अवस्था कमजोर नै देखिन्छ । स्वास्थ्य बिमा जस्तो राम्रो कार्यक्रमलाई थप परिष्कृत र विकसित बनाउनुपर्नेमा नागरिकले यसबाट सुविधा लिन भोग्नु परेको व्यथाका बिचमै कार्यक्रमको स्थायित्वमा नै शङ्का उब्जिन थालेको अवस्था छ । उदारीकृत शासन व्यवस्थाको उपजबमोजिम सीमित सरकारको अवधारणालाई कार्यान्वयन तुल्याउन विकास भएका निजी स्वास्थ्य पूर्वाधारमाथि मध्यम वर्गीय नागरिकले पहुँच पाउन नसक्ने अवस्था रहँदा यसको गुणस्तर पनि विश्वास योग्य छैन । सञ्चार सुविधाको उपयोगमा सरकारी र निजी क्षेत्रबिच केही हदसम्म स्वच्छ प्रतिस्पर्धा रहँदा यसको पूर्वाधार विस्तार र नागरिक पहुँच अभिवृद्धिमा सन्तोषजनक अवस्था रहेको छ । यद्यपि राज्यको चौथो अङ्गको रूपमा लिइने सञ्चार माध्यममा भएको तीव्रतर विकासलाई उचित व्यवस्थापन तथा नियमन गर्न नसक्दा उत्तरदायित्व र जवाफदेहिता कमजोर भएको देख्न सकिन्छ । सुशासन कायम गर्न राज्य पक्षलाई नै खबरदारी गर्ने संयन्त्र नै आफू सुशासनको कसीमा कमजोर रहनुले सार्वजनिक सेवा गुणस्तर अभिवृद्धिमा पर्याप्त योगदान गर्न सकेको छैन ।

दैनिक आवश्यकता पूरा गर्ने क्रममा उपभोग्य सामग्रीहरूको खरिद बिक्रीमा देखिने मनपरी मूल्य निर्धारण, उपभोग अवधि नतोकिएका र उपभोग अवधि पूरा भएका वस्तुको बिक्री वितरण, अखाद्य वस्तुको मिसावट, प्रयोगशाला परीक्षणबिनाका अखाद्य वस्तुको बिक्री वितरण आदि सबै सार्वजनिक सेवासँग सम्बन्धित पक्षहरू हुन् । यस्ता आधार भूत आवश्यकतासँग सम्बन्धित पक्ष कमजोर हुनु भनेको आफैँमा सुशासनको अवस्था कमजोर हुनु हो । यस्ता विषय समाधानका लागि सार्वजनिक प्रशासन संयन्त्र क्रियाशील हुनु पर्छ ।

सरकारको तर्फबाट प्रत्यक्ष सेवा प्रवाह गर्ने सन्दर्भमा होस् वा शासकीय साझेदारको कामकारबाहीको नियमन गर्ने होस, प्रशासन संयन्त्रको भूमिका प्रधान हुन्छ । यद्यपि विकास व्यवस्थापन अन्तर्गत पूर्वाधार निर्माणमा हुने ढिलासुस्ती, भ्रष्टाचार तथा न्यून गुणस्तरलगायतका परिणामको अपजस प्रशासन संयन्त्रमाथि नै आउने गरेको छ । यी प्रक्रियामा सार्वजनिक प्रशासनको जिम्मेवारी पनि हुन्छ । यसर्थ आधारभूत आवश्यकतादेखि विकास व्यवस्थापनलगायत राज्य सञ्चालनका सम्पूर्ण पक्षमा सुधार गरी सार्वजनिक सेवामा नागरिकको विश्वास र अपनत्व सिर्जना गर्न सरकार र सार्वजनिक प्रशासन दुवैको भूमिका प्रमुख रहन्छ ।

# कोशी प्रदेश सरकार र पार्टीको गणतन्त्र दिवस



• प्रा.डा.बद्रीविशाल पोखरेल

एमाले वा नेका पार्टी लगायत गणतन्त्र स्थापना गर्ने प्रमुख पार्टीहरु यो दिवस कसरी मनाइरहेका छन् भन्ने लेखको मूल विषय हो । यस विषयमा आम अगुवा सचेत जन समक्ष यसको औचित्य महत्व र उपयोगिता बुझाउन सके जस्तो लागेको छैन । मन मस्तिष्कमा गणतान्त्रिक उन्नत चेतले गर्ने काम न्यून चेतले गर्दैन गरे पनि गरेजस्तो मात्र गर्छ । अन्तरमनदेखि गर्ने भए कोशी प्रदेशका विभिन्न स्थानमा विभिन्न रचनात्मक कामका साथ कार्यक्रमहरु गरिन्थे होलान् तर यसको कुनै चालचुल थाहा पाइएको छैन । कम्तीमा यसको महत्व त राम्ररी उजागर हुन सकेजस्तो लागेको छैन ।

लोकतान्त्रिक गणतन्त्र समाज विकासको उपल्लो र उन्नत चरण हो । कविला युग, दास र सामन्ती व्यवस्था हुँदै जनताको लामो त्याग,समर्पण र बलिदानबाट यो प्रणाली वा व्यवस्था प्राप्त भएको हो । यो सामन्तवाद वा राजतन्त्रभन्दा धेरै उच्च शासन व्यवस्था हो । यस व्यवस्थामा स्थापित नीति,विधि,पद्धति र प्रणालीले ढिलो चाँडो जोसुकै जतिसुकै माथिल्लो तहको भ्रष्टलाई कानूनी कार्बाही गर्ने प्रावधान हुन्छ । यही कारणले भारतीय भूतपूर्व प्रधानमन्त्री नरसिंह राव,टोपबहादुर रायमाझी,खुमबहादुर खड्का र गोविन्दराज जोशी लगायत जेल पुगेका हुन् । गणतान्त्रिक व्यवस्थामा हरेक विकृति विसंगतिविरुद्ध प्रतिवाद,प्रतिकार गर्ने वैधानिक व्यवस्था हुन्छ । राजतन्त्रमा हुँदैन ।

त्यसैले यो उन्नत स्तरको अग्रगामी व्यवस्थालाई उल्ट्याउन खोज्नु प्रतिगामी सोच हो । नाकबाट सिँगान आउँछ भनेर नाक काट्न मिल्दैन । अविरल बग्ने इन्द्रावती नदीलाई छेक्न थुन्न र उल्ट्याउन खोजे जस्तो कामलाई किमार्थ जाती भन्न सकिन्न । समाज विकासको यति लामो क्रमलाई रोक्न खोज्नु दुस्साहस मात्र हो ।

.लोकतान्त्रिक गणतन्त्रात्मक शाषन प्रणाली राजनैतिक अधिकारमा केन्द्रित पुँजीवादी पद्धति हो । तर यसैमा टेकेर मात्र वैज्ञानिक समाजवादी व्यवस्था ल्याउन सकिन्छ । जसमा ९५ प्रतिशत गरिखाने वा मानसिक र शारीरिक श्रम गर्ने जनताको आर्थिक र राजनैतिक हक स्थापित गर्न सकिन्छ । वैज्ञानिक समाजवाद स्थापना गर्ने यो हाम्रो पार्टीको आधार हो । यसलाई भत्काउने कुरा गर्दा हाम्रो आधार शिविर भत्किने खतरा हुन्छ । त्यसैले सामन्तवाद वा राजतन्त्रभन्दा धेरै प्रगतिशील चरित्रको लोकतान्त्रिक गणतन्त्रलाई जोगाउँदै जबज अनुसार नेपाली विशेषताको जन गणतन्त्र वा गणतन्त्र स्थापना गर्ने उद्धेश्यमा ध्यान दिनु अपरिहार्य देखिन्छ ।

. लोकतान्त्रिक गणतन्त्र कालमा धनी किसान र राष्ट्रिय उद्योगपति सहित आयात प्रतिस्थापन गर्ने काममा केन्द्रित हुनु पर्ने विषय रहेको छ । त्यसो भयो भने देशमा आवश्यक पर्ने खाद्यान्न फलफूल तरकारी र लत्ताकपडा,सिमेन्ट,फलाम लगायत धातुजन्य अनेक सामग्री देशमा नै उत्पादन गर्ने कुरामा लाग्नु पर्ने देखिन्छ । मोटो कमिसन खाएर र खुवाएर बाह्य देशमा उत्पादित वस्तु पदार्थ नेपालमा आयात गर्ने दलाल तथा नोकरशाही पुँजीवादबाट देशलाई बचाउन यति काम गर्नै पर्ने देखिन्छ । त्यसैले धनी किसान र राष्ट्रिय पुँजीपति वर्गलाई जनता अर्थात् श्रमिक वर्ग अन्तर्गत राखिएको हो ।

. अहिले राजतन्त्रको भूतप्रेत जाग्नुमा हामी पनि दोषी छौं । जननेता मदन भण्डारीले परम्परागत धर्म संस्कार र संस्कृति अन्तर्गतका अनेक खालका रुढी,अन्धविश्वास कुरीति र कुपरम्परालाई कलात्मक हस्तक्षेपका साथ निषेध र सुधार आन्दोलन सञ्चालन गर्ने कुरा उल्लेख गर्नुभएको छ तर त्यसमा बेवास्ता गर्दा त्यसको अवशेषले टाउको उठाउन खोजेको हो । यस्ता कुरामा अझै राम्ररी विचार पुर्‍याउन सकिएन भने कुनै न कुनै मात्र र रुपमा प्रतिगामी चिन्तन हाबी हुनसक्ने देखिन्छ । जबज अनुसार सामन्तवादी राजावादी भूतप्रेत बेलैमा नपन्छाउँदा यसले टाउको उठाउन खोजेको हो ।

. नेकपा स्थापना कालदेखि नै गणतन्त्र पक्षधर रहेको थियो । तर राणा शासन नढाली राजशाही निरङ्कुश पञ्चायती शासन नहटाई अग्रगमनको यात्रा सम्भव थिएन । यस्ता घडीमा एमाले पार्टीले भिन्न विचार सिद्धान्तका पार्टी सित सहकार्य गर्नु अपरिहार्य जस्तै थियो । यसमा विचार पुर्‍याउँदा नै अहिले लोकतान्त्रिक गणतन्त्र कालमा प्रवेश गर्न पाइएको छ । हिजो जस्तै आज पनि यही पुँजीवादी गणतन्त्रमा मात्र रमाउने र मख्ख पर्ने भन्ने सबाल पार्टीको होइन । वैज्ञानिक समाजवाद वा जबज अनुसारको आर्थिक र राजनैतिक अधिकार जनतालाई प्रदान गर्ने पद्धति हाम्रो पार्टीको अभीष्ट हो । कतिपय विषयमा चित्त नबुझे पनि सबै असन्तुष्टिलाई थाती राखेर गणतन्त्रका पक्षमा दृढताका साथ उभिनु सबै नेता, कार्यकर्ता र सचेत जनताको कर्तव्य हो ।

कोशी प्रदेश सरकारले गणतन्त्र दिवसका अवसरमा गरिने कन्सर्ट नामका अगाडि रोदी कन्सर्ट राखे कति जाती हुन्थ्यो । कम्तीमा यसले पनि नेपाली सांस्कृतिक र सांगीतिक गौरवपन अलिकति भए पनि उजागर हुन्थ्यो । नवीन र मौलिक सोच अत्यन्त कमजोर हुँदा सबै क्षेत्रबाट नेपालीपन मौलिकपन हराउन थालेको हो । नेपाली लगायत नेपालका भाषाभाषी क्षेत्रमा प्रचलित नेपाली नातागोता हराउने क्रममा छन् । अङ्कल,आन्टा,आन्टी मात्र होइन मेडम जस्ता तुच्छ कोटीका सम्बोधन हाबी हुँदा छन् । गणतन्त्रमा तदनुसारको संस्कृति निर्माण गर्ने कुरामा अझै पटक्क ध्यान गएको देखिन्न । सांस्कृतिक रुपान्तरण जस्ता समाजलाई गुणात्मक रुपमा परिवर्तित गर्ने विषयमा कोशी प्रदेश सरकार र पार्टी समेत अत्यन्त न्यून चेतको देखिन्छ । परम्परागत अनेक खालका रुढी,अन्धविश्वास कुरीति र कुपरम्परा लगायतका विषयमा सुधार आन्दोलन सञ्चालन गर्ने कुरा जननेता मदन भण्डारीले जबजमा सुझाएका थिए । उपयुक्त विकृतिका जगमा बलशाली बनेको सामन्तवाद र राजतन्त्रको भूतले अहिले तर्साइरहेको छ । तर प्रगतिशील प्रजातन्त्रवादी कहलिएका नेता,मन्त्री माननीय र सर्जक समेत सामन्तवादी सांस्कृतिक अवशेषमा निमग्न बनेका देखिन्छन् । वैदिक सनातन लगायत धर्म र संस्कृतिका संस्कार बोध गर्ने र त्यस अनुसार आफूलाई स्थापित गर्ने कुरामा ध्यानै छैन । तिनमा रहेका कमजोरी सच्याएर अग्रगमन गर्ने कुरा त धेरै परको कुरा भयो । ब्रतबन्धको मूल तात्पर्य नै नबुझी लाख खर्च गरेर ब्रतबन्ध गर्ने,आफैंले जन्माएको सन्तानलाई भगवान्को आशीर्वाद र अनुकम्पाबाट जन्मिएको भनेर गर्व गर्ने, सप्तकोशी नदीमा पैसा चढाउने , श्राद्धको असली तात्पर्य नजानी गर्ने,बिरालाले बाटो काट्यो भनेर खलखली पसिना काड्ने, बत्ती बलेझैं धपधपी बल्नु उज्यालो छर्नु र अगाडि बढ्नु भन्ने पूर्वीय जन्म उत्सवलाई पैतालामुनि पारेर ह्यापी वर्थ डे टु यु फु भन्न गौरव गर्ने, शिव पार्वतीको अत्यन्त उच्च र महानतम् प्रणय दिवस परित्याग गरेर भेलेन्टाइन दिवस मनाउन तीन बित्ता उफ्रने नेतृत्वबाट गणतन्त्र स्थापित हुन गाह्रो देखिन्छ । नेपाली टोपी र दौरा सुरुवाल लगाउँदा जातै जान्छ कि भनेझै गर्ने नेता देख्दा लाजै लजाउँछ ।

गणतन्त्र त समाज विकासको उच्च स्तरको व्यवस्था वा प्रणाली हो । यस प्रणालीमा सबै खालका विकृति, विसंगति, अन्याय र अत्याचारका विरुद्ध प्रविाद तथा प्रतिकार गर्ने विधि पद्धति र प्रणाली हुन्छ । ढिलो चाँडो देशघातीहरु जेल पर्छन् । त्यसैले भारतीय पूर्व प्रधानमन्त्री नरसिंह राव, टोप बहादुर रायमाझी, खुमबहादुर खड्का र गोविन्दराज जोशी लगायत कालकोठरीमा कोच्चिएका हुन् तर सामन्तवाद वा राजतन्त्रमा यस्तो किमार्थ हुँदैन । अहिले ज्ञानेन्द्र दाइ वा पूर्व राजा ज्ञानेन्द्र समेत युवालाई आफ्ना हाउभाउ बोलीवचन र मुस्कानबाट आकर्षित गर्न खोजिरहेका छन् तर एमाले वर नेका नेता श्री ३ र श्री ५ जस्ता भएकाले गणतन्त्रप्रति वितृष्णा उत्पन्न हुन गएको हो । यिनको बेहोरा हत्तपत्त सुध्रिने लक्षण देखिन्न । त्यसैले थेत्तराको ओखती गर्नै पर्ने बाध्यता छ । वर्ग पक्षधरताको बारबार वकालत गर्नेहरुलाई आफ्ना प्रतिभा क्षमता गरगहना के कति छन् भन्ने नै थाहा छैन । प्रगतिशील लोकतान्त्रिक तथा देशभक्त कवि कलाकार स्रष्टा तथा बुद्धिजीवी यस प्रदेशमा मनग्गे छन् । तर तिनलाई प्रजातन्त्र र गणतन्त्र दिवस लगायत महत्वपूर्ण विषय, विचार, कार्यपत्र र गोष्ठीमा उचित स्थान र मान दिइँदैन । काम लाग्नेलाई कामै दिइँदैन र गर्निँदैन । आफू उभिएको र उभिने जमिन भास्सिएपछि कहाँ उभिने थाहा नै छैन र थाहा हुनु परेको पनि छैन होला । किनभने देश र जनताका लागि र आन्दोलनको भविष्यका लागि गर्नु पर्छ भन्ने सोचै छैन कि ? नितान्त निजी उत्थान र प्रगतिका लागि त पञ्चहरु लाग्थे । त्यस्तै पाराका गतिविधिमा मात्र रमाएर कोशी सरकारको औचित्य स्थापित होला र ? कला,साहित्य,संगीत जस्ता मैलो मन धुने यो विशिष्ट क्षेत्रलाई कोशी प्रदेशले सुनियोजित रुपमा पन्छाएको देखिन्छ । विगत वर्षदेखि यस क्षेत्रलाई चरम हेला होचो र उपेक्षा गरेको छ । कागलाई बेलको महत्व थाहा नभएझैं जस्तो देखिन्छ । अझ कन्सर्ट जस्ता कार्यक्रम त सामाजिक विकास मन्त्रालयको क्षेत्रलाई समेत अमुक विषय क्षेत्र बाहिरको मन्त्रालयले कुरुप हस्तक्षेप गरेजस्तो देखिनु भारी अचम्म लागको छ । मन्त्रालयमा नै को ठूलो भन्ने अहंवादी चरित्रले गणतन्त्रको जग कसरी सबल बन्छ र ?

देश र जनताको हितका सबालमा राजतन्त्र काल र गणतन्त्र कालको तुलना गर्दा हरेक क्षेत्रमा आकाश जमिनको फरक स्पष्ट हुन्छ । राजतन्त्र कालमा गरिबीको रेखामुनि अर्थात् एक छाक मात्र खान पुग्ने जनता ४९ प्रतिशत थिए भने गणतन्त्र कालमा यो १५ प्रतिशतमा झरेको छ । राजतन्त्र कालमा मातृ शिशु मृत्यु दर प्रतिहजारमा १२८ थियो भने गणतन्त्र कालमा मातृशिशु मृत्युदर हाल प्रतिहजार २१ मात्र छ । राजतन्त्र कालमा नेपालीको औसत आयु ५४ वर्ष थियो भने गणतन्त्र कालमा ७१ वर्ष भन्दा बढी छ । राजाका पालामा खानेपानीको पहुँच ४० प्रतिशत जनतामा मात्र पुगेको थियो ।

गणतन्त्र कालमा ९५ प्रतिशत जनतासम्म खाने पानी तथा सरसफाइको पहुँच पुगेको छ । राजतन्त्र कालमा ७१ हजार सञ्चार सेट प्रयोग हुन्थे भने गणतन्त्र कालमा ३ करोड पचास लाख मोबाइलका सिमहरु सक्रिय छन् । राजतन्त्र कालमा ९ प्रतिशत उच्च घरानामा सीमित विजुलीको सुविधा थियो । गणतन्त्र कालमा ९५ प्रतिशत जनताले विजुलीको उपभोग गरिरहेका छन् । राजतन्त्रमा २२७ मेघाबाट विद्यूत उत्पादन हुन्थ्यो भने गणतन्त्रमा ३ हजार मेघाबाट भन्दा बढी विद्युत उत्पादन भइरहेको छ र नेपालको विजुली भारत हुँदै बंगलादेशमा विद्युत निर्यात भइरहेको छ । यतिका फरक देखीदेखी योग्यता फरक देखीदेखी योग्यता क्षमता,प्रतिभा र पौरखविहीन वंशका आधारमा मात्र श्रेष्ठ सामन्ती राजतन्त्रको कुनै पनि सचेत व्यक्तिले पक्षपोषण गर्नु लज्जाजनक देखिन्छ ।

## आज जेठ १५ मा सुरक्षा व्यवस्था कडा

झापा(प्रस) । सत्तारुढ नेकपा (एमाले) ले 'गणतन्त्र दिवस' भृकुटीमण्डप क्षेत्रमा सांस्कृतिक झाँकीसहित उत्सवका रुपमा मनाउने बताएको छ । यसैगरी, सोही दिन राष्ट्रिय प्रजातन्त्र पार्टी लगायत पूर्व राजाका समर्थकले वर्तमान व्यवस्थाविरुद्ध रत्नपार्क क्षेत्रमा जनआन्दोलन गर्ने घोषणा गरेको छ ।काठमाडौंका प्रमुख जिल्ला अधिकारी ऋषिराम तिवारीका अनुसार बिहीबारका लागि सुरक्षा योजना बनाएर काम अघि बढेको छ ।

उनले नेकपा (एमाले) ले काठमाडौंको भृकुटीमण्डप, सुन्धारा, रत्नपार्क, टुँडिखेल क्षेत्रमा सांस्कृतिक झाँकी प्रदर्शन गर्ने सम्बन्धमा जानकारी प्राप्त भएकोले सो अनुरुप सुरक्षा व्यवस्था मिलाइएको बताए । पूर्व राजाका समर्थकको आन्दोलनबारे भने औपचारिक जानकारी प्राप्त नभएको उनको भनाइ छ ।

उनले भने, "हामी सुरक्षा योजना बनाएरै काम गरिरहेका छौं । नेपाल सरकारको औपचारिक कार्यक्रम पनि छ । नेकपा (एमाले) को सांस्कृतिक झाँकीसहितको र्‍याली भृकुटीमण्डपको वरिपरि केन्द्रित गरेर छ । विरोधका कार्यक्रमका बारेमा औपचारिक जानकारी आएको छैन ।" सबै कार्यक्रम शान्तिपूर्णरुपमा हुने गरी तयारी अगाडि बढेको उनको भनाइ छ ।

नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक रमेश थापाले काठमाडौं उपत्यकासहित देशभरमा हुने गणतन्त्र दिवससँग सम्बन्धित कार्यक्रममा सुरक्षा व्यवस्थापन गर्ने जिम्मेवारी प्रहरीको रहेको बताए ।

विभिन्न राजनीतिक दलद्वारा बिहीबार आयोजना गरिने काठमाडौं केन्द्रित कार्यक्रममा कुनै अप्रिय घटना हुन नदिन तथा कानुन उल्लङ्घन हुन नदिने ढङ्गबाट सुरक्षा व्यवस्थापनको तयारी हुने उनको भनाइ छ ।

प्रवक्ता थापाले भने, "विभिन्न राजनीतिक दलहरुले पनि आ-आफ्नो कार्यक्रमबारे जानकारी दिनुभएको छ । दुई पक्षबिच झडप नहुने गरी पर्याप्त सुरक्षा व्यवस्थापन मिलाइएको छ । प्रहरी प्रधान कार्यालयले सुरक्षाको लागि पर्याप्त जनशक्ति, अन्य साधन स्रोत उपलब्ध गराएको अवस्था छ ।" उनले कानुन उल्लङ्घन हुने गतिविधि भएमा तत्काल कानुनी कारवाही हुने बताए।

उनले भने, "कानुन उल्लङ्घन हुन नदिन, अप्रिय घटना, आगजनीलगायत कुनै किसिमको अवाञ्छनीय कार्यक्रम हुन नदिन सुरक्षाको व्यवस्था मिलाइएको छ । त्यस्ता क्रियाकलाप भएका तत्काल कानुनी कारवाही गरिनेछ ।"

काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता प्रहरी उपरीक्षक दिपक गिरीले प्रदर्शन क्षेत्रमा कस्तो गतिविधि हुन्छ, त्यही अनुसार ट्राफिक व्यवस्थापन गरिने बताए । प्रवक्ता गिरीले भने , "पुरै सडक बन्द हुने अवस्था भयो भने सवारी साधन डाइभर्ट गर्नुपर्ने हुन्छ । एक, दुई लेन चल्ने अवस्था भयो भने त्यहीबाट सवारी साधन आवागमन हुने व्यवस्था मिलाइनेछ । परिस्थिति, मुभमेन्ट, मास र त्यहाँको गतिविधि हेरेर योजना तत्काल बनाउनुपर्ने हुन्छ ।" नेकपा (एमाले) ले झाँकीसहितको उत्सव कार्यक्रम बिहान ११ बजेदेखि र पूर्व राजाका समर्थकले बिहान ९ बजेदेखि प्रदर्शन गर्ने बताएको छ ।

काठमाडौं जिल्ला प्रहरी परिसरका प्रमुख एसएसपी विश्वराज अधिकारीले काठमाडौं केन्द्रित हुने कार्यक्रममा पर्याप्त सुरक्षा व्यवस्था मिलाइएको बताए ।

प्रमुख अधिकारीले भने, "हाम्रो पर्याप्त तयारी छ । सबै प्रकारका एकीकृत सुरक्षा योजना छ । त्यो अनुसार बिहानको समारोहदेखि व्यवस्थापनलगायत पर्याप्त सुरक्षा व्यवस्था गरिएको छ ।"

## आवेदन लिएको डेढ वर्षपछि नगरपालिकाले गर्‍यो विज्ञापन रद्ध

झापा(प्रस)। आवदेन लिएको झन्डै डेढ वर्षपछि बिर्तामोड नगरपालिकाले विभिन्न पदहरुको विज्ञापन रद्ध गरेको छ। नगरपालिकाले मंगलवार एक सूचना जारी गरी २०८० मंसिर ८ गते बिर्तामोड नगर अस्पतालका लागि खुलाएको मेडिकल अधिकृत , हेल्थ असिस्टेन्ट , स्टाफ नर्स , रेडियोग्राफर , अहेब र अनमी पदको विज्ञापन रद्ध गरिएको जनाएको हो । नगर अस्पतालको प्रस्तावित दरबन्दीमा ती पदहरुलाई ओ. एण्ड एम. सर्वेक्षण प्रतिवेदनमा स्थायी पद कायम गरिएकाले र उक्त पदहरु पद दर्तापश्चात् स्थायी पदपूर्ति हुने भएकाले करार जनशक्ति पूर्ति गर्न नसकिने प्रमुख प्रशासकीय अधिकृत सागर मिश्रले सूचनामा उल्लेख गरेका छन् । जेठ १ गतेको बैठकको निर्णय अनुसार ती सबै पदहरुको विज्ञापन रद्ध गरिएको उल्लेख छ ।

विज्ञापन रद्ध गरिएपछि आवेदकहरुले दरखास्त दस्तुर फिर्ता पाउने भएका छन् । २०८० माघ १० गते तत्कालीन प्रमुख प्रशासकीय अधिकृत विनोदकुमार न्यौपानेले नगर अस्पतालका लागि विभिन्न पदमा विज्ञापन खुलाएका थिए । विज्ञापनमा मेडिकल अफिसर ३ ,हेल्थ असिस्टेन्ट १ ,स्टाफ नर्स ४, रेडियोग्राफर १ , ल्याव टेक्निसियन २ , अहेब ५ , अनमी ५ , ल्याव असिस्टेन्ट १ र क्लिनर १२ जना चाहिएको उल्लेख गरिएको थियो । त्यसमध्ये २०८१ बैशाखमा ल्याब टेक्निसियन र ल्याव असिस्टेन्ट पदको परीक्षा मात्र संचालन गरी ३ जना छनोट गरियो । २ जना ल्याव टेक्निसियन पदका लागि ३२ र एकजना ल्याव असिस्टेन्ट पदका लागि ३२ जनाले नै आवेदन दिएका थिए । त्यसमध्ये लिखित र मौखिक परीक्षाबाट ३ जना छानिएका हुन् । बाँकी पदहरुको लागि नगरपालिकाले परीक्षा नै गराउन सकेन । नगरपालिकाको प्रशासन शाखाका अनुसार तीनजना मेडिकल अफिसरका लागि १२ जना , ४ जना स्टाफ नर्सका लागि ५५ जना , एकजना रेडियोग्राफरका लागि १३ जना , पाँचजना अहेबका लागि ९२ जना , पाँचजना अनमीका लागि ८३ जनाले आवेदन दिएका थिए । आवेदकहरुले मेडिकल अफिसरका लागि रु १००० ,हेल्थ असिस्टेन्टका लागि ५०० , स्टाफ नर्सका लागि ५०० , ल्याब टेक्निसियनका लागि ५०० , रेडियोग्राफरका लागि ५०० , अहेबका लागि ४०० , अनमिका लागि ४०० , ल्याब असिस्टेन्टका लागि ४०० र क्लिनरका लागि ३०० रुपैयाँ दरखास्त दस्तुर बुझाएका थिए । आवेदकहरुबाट २ लाख बढी राजश्व संकलन भएको थियो ।

२१८ जना आवेदकबाट १२ जना क्लिनर छानिदै

अन्य पदहरुको विज्ञापन रद्ध गरिएपनि क्लिनर पदको विज्ञापन भने नगरपालिकाले रद्ध गरेको छैन । त्यसबेला आवेदन दिने आवेदकहरुबाट आगामी साता क्लिनर छानिने प्रमुख प्रशासकीय अधिकृत मिश्रले जानकारी दिए । बिर्तामोड नगर अस्पतालमा १२ जना क्लिनर पदका लागि २१८ जनाले आवेदन दिएका छन् । क्लिनर चाहिएपनि अत्यधिक आवेदन परेका कारण नगरपालिकाले छनौट गर्न सकेको थिएन ।स्नातक उत्तीर्ण गर्नेहरुले समेत क्लिनर पदका लागि आवेदन दिएका छन् ।झापाका विभिन्न पालिकासहित इलाम , पाँचथर , ताप्लेजुङ, तेह्रथुम, मोरङ, सुनसरी , संखुवासभा, धनुषासम्मका व्यक्तिहरुले क्लिनरका लागि दरखास्त दिएका छन् । आवेदकहरुमा अधिकांश महिला छन् । करारमा नियुक्त गर्न लागिएको ती पदका लागि धेरै सोर्सफोर्स आएपछि नगरपालिकालाई थेग्नै गाह्रो भएको बताइन्छ । क्षमता भएका अनुभवी व्यक्तिहरुलाई निष्पक्ष ढंगले क्लिनर छनौट गरिने प्रमुख प्रशासकीय अधिकृत मिश्रले बताए ।

सुपर काईनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६

विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

- **मेष**: नयाँ वस्त्र र अलङ्कारको प्राप्ति पनि हुनसक्छ ।मनोरञ्जनमा सहभागिता भइनेछ
- **वृष**: महत्वपूर्ण कामको थालनी हुनेछ । कुनै कुराले मनमा शान्ति छाउनेछ ।
- **मिथुन**: आज रमाइलो यात्राको सम्भावना छ । रोकिएको धन हात पर्ला ।
- **कर्कट**: नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । स्वादिष्ट भोजनको आनन्द समेत पाइएला ।
- **सिंह**: आज महिला वर्गबाट विशेष साथ र सहयोग मिल्नेछ । अरुलाई प्रभावित पारेर
- **कन्या**: मनोरञ्जनको क्षेत्रमा सफलता मिल्नेछ । शरीर भारी र मन अस्थिर रहने संकेत
- **तुला**: आज आम्दानी प्रशस्तै बढ्नेछ । प्रेम र दाम्पत्य जीवन सुखमय हुनेछ ।
- **वृश्चिक**: सामाजिक क्षेत्रबाट राम्रो सहयोग पाइनेछ ।धार्मिक तथा समाज सेवामा मन लाग्नेछ।
- **धनु**: आज छोटो दुरीको लाभदायक यात्रा रहला । एकपछि अर्को अवसर आउनाले मन
- **मकर**: घरमा अतिथिको आगमन हुनेछ । स्वास्थ्यको ख्याल गर्नु पर्नेछ ।
- **कुम्भ**: राजनैतिक कार्यमा सफलता मिल्नेछ । विपरीत वर्ग प्रति आकर्षण बढ्नेछ ।
- **मिन**: परीक्षा र पढाईमा राम्रै सफलता मिल्ला । रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ ।